# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षा बिकासको मेरुदण्डका साथै मानब जीवनको एक अभिन्न अंग हो । चाहे त्यो कुनै पनि विधालयमा गएर लिएको होस् या घरपरिवार, छरछिमेक वा अनुभवीबाट सही ज्ञान हस्तान्तरण भएको होस् । जसरी होस पूर्ण सिकाई सही शिक्षाको बलद्वारा मात्र सम्भव हुन्छ र बल्य अवस्था देखी नै सही शिक्षा पाएमा बालबालीकाको जग दह्रो हुन्छ । तथापि बालबालिकाहरू ऐतिहासिक कालदेखि नै विभिन्न किसिमका श्रम सम्वन्धी काममा संलग्न रहेको पाइन्छ । आफ्नो पारिवारिक स्तर पेशा र व्यवसायको आधारमा घरायसी काममा सहयोग गर्नुलाई कुनै खतरनाक बालश्रमको रुपमा लिइएको छैन । बालश्रमलाई प्राकृतिक रुपमा मानव बृद्धि र विकासमा असर पुऱ्याउने, बाँच्ने अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकारलाई असर पुऱ्याउने तत्वको रुपमा परिभाषित गरेको छ । माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरूको अधिकार सुनिश्चित गर्नका लागि विश्व शिक्षा मञ्चमा भएको सबैका लागि शिक्षा कार्यक्रममा नेपालले पनि आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । यो राष्ट्रिय लक्ष्यको प्राप्तिमा एउटा प्रमुख बाधकको रुपमा विद्यालय छोड्ने दर रहेको छ । शिक्षा क्षेत्रमा हुने कुल खर्चको ५५.६ प्रतिशत रकम माध्यमिक तहमा खर्चहुने गरेको छ । त्यसैले विद्यालय छोड्ने दरमा समयमा नै सुधार नआएमा उक्त लगानीबाट सार्थक उपलब्धि हासिल हुन सक्दैन । नेपालमा प्रत्येक तीन जना बालबालिकाहरूमध्ये एक जनाले माध्यमिक तह पूरा गर्दैनन् । वास्तवमा माध्यमिक तहको पढाइ त सामान्य लेखपढको आधारभूत स्तर हासिल गर्नका लागि न्यूनतम् आवश्यकता हो (सिविन, २०६२) ।

यस धर्तिमा रहेका जीवित प्राणीहरू मध्ये मानिसलाई सर्वोत्कृष्ट प्राणी ठहराइएको छ । मानव समुदायको सभ्यताको विकास सँगै समय काल परिस्थिति अनुसार आआफ्ना किसिमले प्रत्येक समुदायले आ-आफ्ना सन्तानहरूलाई कुनै न कुनै प्रकारले शिक्षा प्रदान गर्दै आइरहेको कुरा इतिहासबाट प्रष्ट  हुन्छ । नेपालको शैक्षिक इतिहासलाई केलाउदा औपचारिक शिक्षाको विकासको इतिहास त्यति लामो पाँइदैन । शिक्षा विकासको दृष्टिले २००७ सालको परिवर्तन महत्वपूर्ण रहेको पाइन्छ । परम्परागत शिक्षामा आमूल परिवर्तन ल्याई सबै बालबालिकाहरूलाई

कम्तिमा पनि प्राथमिक तहसम्मको शिक्षा दिलाउने उद्देश्यले राज्यले विभिन्न कार्यनीति, योजना र परियोजनाहरू लागुगर्दै आइरहेको छ । समय समयमा भएका प्रयासका बावजुद पनि नेपालको शिक्षामा लगानीको तुलनामा अपेक्षाकृत उपलब्धि हासिलहुन सकिरहकोअवस्था छैन । सीमित आर्थिक एवं मानवीय स्रोत साधन, भौगोलिक कठिनाइ, राजनीतिक अस्थिरता, गरिवी, जनचेतनाको अभाव जस्ता कारणहरूले विद्यालयको प्राथमिक तहमा सबै बालबालिकाहरूको पहुँच पुग्न सकेको छैन । विद्यालय प्रवेश गरेकाहरू मध्ये सबै बालबालिकाहरूले यस तहको शिक्षा पूरागर्न सकिरहेको अवस्था छैन (शिक्षा विभाग, २०६७) ।

नेपालको अन्तरिम संविधानले १६ वर्ष मुनिको जनसंख्यालाई बालबालिकाको रुपमा परिभाषित गरेको छ र १४ वर्ष मुनिका बालबालिकाहरूलाई कुनै पनि श्रम सम्वन्धी काममा लगाउन बन्देज गरेको छ । १४ देखि १६ वर्षका बालबालिकाहरूलाई उनीहरूको विकास प्रक्रियामा अवरोध नपुग्ने गरी सुविधाजनक स्थानमा दैनिक बढीमा ६ घण्टा सम्म काम गर्नसक्ने व्यवस्था गरेको छ ।

ऐतिहासिक रुपमा भन्ने हो भने बालश्रमको चर्चा सर्वप्रथम सोह्रौं शताब्दी तिर भएको पाइन्छ । जर्मनी, फ्रान्स र बेलायततिर कपडा कारखाना र इँटा कारखाना जस्ता ठाउमा काम लगाइन्थ्यो भने नर्वे र स्वीडेनमा खेती, गोठाला जाने र माछा मार्ने काममा लगाइन्थ्यो । नेपालमा बालश्रम फैलदोक्रममा रहेको छ । कृषि क्षेत्रको विभिन्न क्रियाकलापहरूमा व्यापारिक क्षेत्रमा, औधोगिक क्षेत्रमा, होटल तथा यातायातको क्षेत्रमा साथै पत्रपत्रिका बेच्ने जस्ता क्षेत्रमा थुप्रै बालश्रमिकहरू रहेका छन् । घरेलु श्रमिकको रुपमा, भरिया र सडकका खाते बालबालिकाहरूको रुपमा समेत बालश्रम अस्तित्वमा रहेको छ ।

हरेक बालबालिकाले शिक्षा पाउनुलाई उसको नैसर्गिक अधिकार मानिन्छ । अतः वर्तमान अवस्थामा सबैका लागि शिक्षा, अनिवार्य शिक्षा र निशुल्क शिक्षा जस्ता अवधारणा अघि सारिएको छ । राज्यले जे जस्ता अवधारणा अगाडि सारेको भएता पनि सबैले उक्त तह पूरागर्न सक्दैनन् किनकि विद्यार्थीको आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक भौगोलिक जस्ता कारणहरूले गर्दा विद्यालयको जुन तहमा भर्ना हुन्छन् उक्त तह पूरा नगर्दै वीचमा नै विद्यालय छोड्ने गर्दछन् ।

मानवको सर्वाङ्गिड विकासको मेरुदण्डको रुपमा मानिने शिक्षा सबै बालबालिकाहरूले प्राप्त गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो भन्ने मान्यतालाई राज्यले अङ्गिकार गर्दै

आएको छ । अनिवार्य माध्यमिक शिक्षा, सबैका लागि शिक्षा, निशुल्क शिक्षा जीवन पर्यन्त शिक्षा जस्ता अवधारणालाई अघिसारिएको छ । यस्ता अवधारणाका बावजुद पनि नेपालमा विद्यालय जाने उमेरका करिव ३० प्रतिशत बालबालिकाहरू अझै विद्यालयको दायरामा समेट्न नसकिएको यथार्थता विभिन्न अध्ययन अनुसन्धानहरूले देखाइरहेको छ । आजको यो विज्ञान र प्रविधिको आधुनिक युगमा पनि ३० प्रतिशत बालबालिकाहरू विद्यालयको ढोका सम्म पुग्न नसकीरहेको अवस्था छ । विधालय भित्र प्रवेश गरेका ७० प्रतिशत बालबालिकाहरू मध्ये कतिले विविध कारणले माध्यमिक तह पूरा नगर्दै विद्यालय छोड्ने गर्दछन् ।

नेपालले सबै बालबालिकाहरूका लागि आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता गरेपनि त्यसलाई व्यवहारमा उतार्न सकिरहेको छैन किनकि विद्यालय छोड्ने दर माध्यमिक तहमा उच्च रहेको छ ।

अहिले हाम्रो देशमा सार्वजनिक र नीजिगरी लगभग २८१३१ वटा विद्यालयहरू रहेका छन् । प्राथमिक तहमा भर्नादर ८७.४ प्रतिशत रहेको छ । विद्यालय जाने उमेरका बालबालिकामध्ये आदिवासी जनजाति ३८ प्रतिशत, दलित १८ प्रतिशत अपाङ्ग १ प्रतिशत र बाँकि ४१ प्रतिशत अन्य रहेका छन् । प्राथमिक शिक्षामा महिला शिक्षकको अनुपात ३०.८, दलित शिक्षकको अनुपात २.५, जनजाति शिक्षकको अनुपात १७.८ रहेको छ । यसरी शिक्षामा सबै लिङ्ग, वर्ग र जातजातिको समान सहभागिता देखिदैन । सबै जातजाति भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, वर्णका वीचमा सहिष्णुता, मेलमिलाप, तथा मैत्रीभावको विकास शिक्षाले नै गर्दछ । देशमा शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्र संघीय प्रयत्नलाई अघि वढाउने छ र आफ्ना बालबालिकाहरूको शिक्षा रोज्ने अधिकार अभिभावकहरूलाई समेत हुनेछ भनी नेपालको आन्तरीम संविधान २०६४ मा भनिएको छ (गौतम, २०६४) ।

नेपालमा सबै जातजाति, भाषाभाषी सबै धर्म सँस्कृति तथा वर्गका बालबालिकाहरूको शिक्षामा समान सहभागिता रहेको पाइदैन । विद्यालय गएका बाल मजदुरीमा संलग्न वालवालिकाहरुमा पनि सिकाइ उपलव्धिमा समानता पाइदैन । वालमजदुरीका रुपमा काम गर्ने वालवालिकाहरुले पठन पाठनका लागि उपयुक्त वातावरण नभएका कारण उनिहरुको सिकाइ उपलव्धि र शैक्षिक अवस्था सन्तोषजनक रहेको पाइदैन । त्यसो हुनुको मुख्य कारण उनीहरुले पठन पाठनका निम्ति उपयुक्त वातावरण नपाउनु नै हो । वालमजदुरीका रुपमा कार्यरत वालवालिकाहरु अधिकांश गरिव तथा पिछडिएको समुदायका रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

शिक्षा प्रप्त गर्न पाउनु हरेक बालबालीकाको नैसर्गीक अधिकार हो । शिक्षाले बालबालीकामा रहेको अर्न्तहित प्रतिभाको प्रष्फुटन गराउछ, एसका साथै चरित्रवान, साक्षर, उत्पादनसिल एवं देश भक्त नागरिक उत्पादन गर्दछ यति हुदा हुदै नेपालमा विधालय जाने उमेरका बालबालीकाहरु  बालमजदुरी गर्न बध्य भएको अवस्था छ । नेपालमा  हाल आएर बालमजदुरी एक महत्वपुर्ण समस्याको रुपमा अगाडिदेखि नै अस्तित्वमा रहेको पाइन्छ । बालश्रमको समस्यालाई सृजनागर्ने विभिन्न तत्वहरू नेपालमा जिम्मेवार रहेका छन् । गरिवीले सताएको कृषिमा आधारित देश नेपालमा घरायसी मजदुरका रुपमा बालबालिकाहरूको प्रयोग गरिने र उनीहरूका बाबुआमाले आफ्ना बालबालिकाहरूलाई खान लगाउन र उनीहरूको व्यक्तित्व विकासमा ध्यान दिने नभई बालबालिकाहरूलाई नै परिवारको आम्दानीको स्रोत बनाएको अवस्था छ । घरमा आफ्ना अभिभावकको प्रसस्त माया, हेरचाह र उपयुक्त सल्लाह, सुझाव पाउने अवस्था नहुदा उनीहरू घरबाट वाहिर जाने र विभिन्न किसिमका श्रम क्षेत्रमा संलग्न रहनुपर्ने कारणले न्यून सिकाइ उपलब्धि हासिल गर्नुका साथै कतीपय बालबालीका औपचारिक शिक्षाबाट समेत बञ्चित रहने गरेका छन् ।

बालबालिकाहरू आफ्नो पढ्ने उमेरमा विभिन्न प्रकारका श्रमयुक्त काममा लागिरहनु परेको अवस्था पाइन्छ । यसरी कामगर्दा उनीहरूले अध्ययनकोलागी अवसर पाउदैनन् र शिक्षण सिकाइ पनी प्रभावकारी हुदैन । समग्र वालवालिकाहरु कै शैक्षिक उपलब्धिमा कमी आइरहेको समयमा वालमजदुरीकारुपमा कार्यरत बालवालिकाहरुको सिकाइ उपलब्धिको अवस्था कस्तो छ ? वालमजदुरीका रुपमा कार्यरत विद्यार्थीहरुको पढाइ प्रतिको दृष्टिकोण कस्तो छ ? साथै उनीहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्न कस्ता उपायहरु अवलम्वन गर्न सकिन्छ भन्ने जस्ता समस्याहरुको समाधानका लागि वालमजदुरी र शिक्षा सम्वन्धी विषयको छनौट गरी अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय  जाने उमेरका सवै बालबालिकाहरुले शिक्षा प्राप्तगर्ने अवसर पाउनु पदर्छ । हाल नीतिगत रुपमा नै अनिवार्य माध्यमिक शिक्षा, निःशुल्क तथा जीवन पर्यन्त शिक्षा, सबैका लागि शिक्षा जस्ता कार्यक्रम तथा अवधारणाहरू अघि सारिएको छ । यस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएतापनि सबै बालबालिकाहरूले पर्याप्त अध्ययनको अवसर नपाएका कारण न्यून

शैक्षिक उपलब्धि हासिल गर्ने भएकाले विद्यालय छोड्ने गरेको पाइन्छ। सामुदायिक माध्यमिक विद्यालयहरूमा हाल रहेको विद्यार्थीहरूको भर्ना दर, त्यसमा वालमजदुरीका रुपमा कार्यरत वालवालिकाहरुको शैक्षिक अवस्था, उनीहरुको सिकाइ उपलब्धि, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दरको विश्लेषण गरी यस क्षेत्रमा माध्यमिक तहका विद्यार्थीहरूको अवस्थाका बारेमा जानकारी गराउने कार्यमा यस अनुसन्धानले सहयोग पुऱ्याउँछ।

बालबालिकाहरूको कमजोर सिकाइ उपलब्धिको विश्लेषण गर्दै उनीहरुको सिकाइ उपलब्धिमा सुदृढ गर्ने उपायहरुको खोजी गर्नुपर्छ। अझ यस अध्ययनमा वालमजदुरीका रुपमा कार्यरत वालवालिकाहरुको माध्यमिक तहको शिक्षण सिकाइको अवस्था बारे बिस्तृतरुपमा अध्ययन गर्ने र उनीहरुको शिक्षण सिकाइको अवस्थालाई अझ सुदृढ बनाउने उपायहरुको खोजी गर्ने प्रयास गरिएको छ। विशेष गरी वालमजदुरीका रुपमा काम गर्ने माध्यमिक विद्यालयका वालवालिकाहरुको सिकाइ उपलब्धिको अवस्थाको विश्लेषण गर्ने, माध्यमिक विद्यालय उमेरका वालवालिकाहरुले वालमजदुरीका रुपमा काम गर्नुपर्ने कारणहरुको विश्लेषण गर्ने र उनीहरुको सिकाइ उपलब्धिमा सुदृढ गर्न चाल्नुपर्ने कदमहरुका बारेमा अध्ययन केन्द्रित रहने छ। माध्यमिक तहका वालवालिकाहरुको सिकाइ उपलब्धिमा सुदृढ गर्ने उपायहरु समेत सुझाइएकाले विद्यालय प्रसासन, शिक्षकहरु, नीतिनिर्माता लगायतलाई विद्यार्थीहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्न चालिने कदमहरुका लागि यो अध्ययन सहयोगी हुनेछ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानका उद्देश्यहरू निम्नलिखित रहेकाछन् :

१. माध्यमिक विद्यालयतहका बालमजदुरी गर्ने विधार्थीहरुको शैक्षिक अवस्थाको पहिचान गर्ने।

२. विधार्थीहरुले बालमजदुरी गर्नु परेका कारणहरुको खोजिगर्ने।

३. वालमजदुरी गर्ने विद्यार्थीहरुको कठीनाईहरु केलाउने।

४ वालमजदुरी गर्ने विद्यार्थीहरुको शक्षिक उपलब्धि बढाउने उपाय सुझाउने।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानका लागि निम्न लिखित अनुसन्धनात्मक प्रश्नहरू रहने छन् :

१) सार्वजनिक माध्यमिक विद्यालयका बालमजदुरी गर्ने विद्यार्थीहरूको अवस्था कस्तो छ ?

२) बालमजदुरी गर्ने वद्यार्थीहरूले भोग्नुपरेका समस्याहरु के के हुन ?

३) माध्यमिक तहका बालमजदुरी गर्ने विद्यार्थीहरूले बिचैमा पढाई छाड्छन् कि छाड्दैनन् ?

४) बालमजदुरी गर्ने विद्यार्थीहरुलाइ पढाईप्रति उत्प्रेरणा जगाउने उपाय के के हुन सक्छन् ?

५) वालमजदुरी गर्ने विद्यार्थीहरुको समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

प्रत्येक विषयको अध्ययन गर्ने क्रममा निश्चित सीमाहरूमा बाँधिनुपर्ने हुन्छ किनिक कुनैपनि विषयको सबैपक्षको अध्ययन एकै विषय, समय र क्षेत्रबाट सम्भव हुदैन । यो अध्ययन मोरङ्ग जिल्लाको सुकुना स्रोत केन्द्र अन्तर्गतका आठवटा सामुदायिक माध्यमिक विद्यालयहरुमध्येबाट तीनवटा माध्यमिक विद्यालयहरूमा केन्द्रित रहेको छ । ती तीनवटा सामुदायिक विद्यालयहरूको वालमजदुरीका रुपमा कार्यरत माध्यमिक तहका विद्यार्थीहरुको सिकाइ कठिनाइहरु, सो तहका विद्यार्थीहरुले वालमजदुरीका रुपमा काम गनुपर्ने कारणहरु, उनीहरुको पढाइ प्रतिको दृष्टिकोण र सिकाइ उपलब्धिमा वृद्धिगर्ने उपायहरुको खोजी गर्ने कार्यमा मात्र यो अनुसन्धान केन्द्रित रहेको छ । त्यसैले यो अध्ययनको निष्कर्षले यसै क्षेत्रमा बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाईका कठिनाइको बारेमा बिस्तृत जानकारी लिई बालमजदुरकारुपमा कार्यरत विद्यार्थीहरुको शैक्षिक स्थिति कसरी उकास्न सकिन्छ भनी एउटा रुपरेखा तयार गर्न सकिन्छ । यस अध्ययनको निष्कर्षलाई देशै भरीको कठिनाइको अवस्थाको रुपमा सामान्यीकरण गर्नभने कठिन हुन्छ ।

## १.७ सम्बन्धित शब्दावलीहरूको परिभाषा

बालबालिका : देशको कानुन अनुसार १६ वर्ष मुनिका विद्यालय जाने उमेरको जनसंख्या ।

बालश्रम : दक्ष नागरिक नभइकन विद्यालय जाने उमेरमा विभिन्न किसिमका श्रम सम्वन्धि काममा रहनु पर्ने अवस्था ।

विद्यालय छोड्ने : विद्यालयमा भर्नाभई कक्षा वा तह पूरा नगरी विद्यालय छोड्ने बालबालिका ।

बालमजदुरी : वालवालिकाहरुले श्रमिकको रुमपा आय आर्जनका निम्ति काम गरेको अवस्था

सामुदायिक विद्यालय : नेपाल सरकारको नियमित अनुदानमा सञ्चालित विद्यालयहरु

# रिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित लेख, रचना अध्ययन र अनुसन्धान प्रतिवेदनहरूको पुनरावलोकन गरिनुका साथै अध्ययनको निष्कर्षलाई व्याख्या विश्लेषण गर्नका लागि आवश्यक सैद्धान्तिक खाका समेत प्रस्तुत गरिने छ । साथै यस अध्ययनको शैक्षिक उपादेयतालाई पनि यहाँ समावेश गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विद्यालय उमेर समूहका बालबालिकाहरूले आधारभूत तहको शिक्षा अनिवार्य रुपले पाउनुपर्ने भएतापनि कैयौ बालबालिकाहरू विद्यालय शिक्षाबाट बञ्चित छन् । शिक्षा प्राप्त गरिरहेकाहरुको पनि सिकाइ उपलब्धि सन्तोषजनक छैन । कक्षा एकमा भर्ना भएका सबै बालबालिकाहरू मध्ये सिकाइ प्रभावकारी नभएका कारण कैयौ विद्यार्थीहरुले माध्यमिक तह पूरा गरेको पाइदैन । यस विषयसँग सम्बन्धित लेखहरू, विभिन्न व्यक्ति तथा संस्थाले गरेका अनुसन्धानको प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख प्रकाशित तथा अप्रकासित कृतिहरूको पुनरावलोकन यस अध्ययनमा गरिएको छ ।

सेरिड (१९८७) का अनुसार माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये अधिकांश बालबालिकाहरू घरको काममा संलग्न रहेको पाइन्छ । त्यस अध्ययनमा बालबालिकाहरूको सिकाइ उपलब्धिमा कमी हुनुका कारणहरुमा वालमजदुरका रुपमा काम गर्नु, साथीभाइहरुको खराव संगत, पारिवारिक वातावरण राम्रो नहुनु, विद्यालयमा प्रभावकारी शिक्षण सिकाइ नहुनु लगायत हुन भनी उल्लेख गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यकमको प्रभाबकारीतामा शिक्षा बिभागले गरेको एक अध्ययन्ले विधालय जाने उमेरका बालबालीकाहरु बिशेस गरेर सामाजीक तथा आर्थिकरुपले पिछाडि परेका समुदायका बालबालिकाहरुका सम्बन्धमा निकालिएको निष्कर्समा २१ प्रतिशत बालबालिकाहरु मत्र घरमा अध्यायन गर्न ३ घण्टा समय पाउने उल्लेख छ । यसैगरि अध्ययनले धेरैजसो बालबालिका घरयसी काममा नै संलग्न रहनुपर्ने जस्ता कुराहरुलाई निष्कर्षको रुपमा उल्लेख गरेको छ । अध्ययनले अबिभाबक हरुले शिक्षामा भन्दा श्रमको महत्व बुझी घरायसी काममा

लगाउन उत्प्रेरणा गरेको कुरा उल्लेख गरेको छ । (शिक्षा बिभागबाट गरीएको अध्ययनको प्रतिबेदन २०५८/५९, पृष्ठ २७)

भट्ट (२०६२) ले तयार पार्नुभएको *विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभाव* शीर्षकको शोधपत्रमा लिङ्ग, जातजाति र कक्षागत आधारमा बीचैमा विद्यालय छोड्ने दरको विश्लेषण गर्नु, विद्यालय छोडाइका कारणहरू पत्ता लगाउनु, सामाजिक साँस्कृतिक प्रभाव पत्ता लगाउनु र समस्या समाधानका उपायहरूको खोजी गर्ने उद्देश्यहरू समावेश गरिएको छ । उनका अनुसार बालबालिकाहरूको विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभावले असर पुऱ्याइरहेको पाइन्छ । सामाजिक रुपले पिछडिएका जातजातिहरूमा जनचेतनाको अभाव, कमजोर आर्थिक अवस्था, केटाकेटीहरूको स्वास्थ्य आदि कारणहरूले माध्यमिक तह पूरा नगरी अधिकांश अभिभावकहरूले विद्यालय छुटाउँछन् । विद्यार्थीहरूले बीचैमा विद्यालय छोड्ने कारणहरूमा आर्थिक अवस्थासँग सम्बन्धित तत्वहरू, विद्यार्थीहरूको उत्प्रेरणामा प्रभाव पार्ने तत्वहरू, विद्यार्थीको सिकाइसम्वन्धी उत्प्रेरणामा प्रभावपार्ने व्याक्तिगत तत्वहरू, र विद्यालयीय तत्वहरू रहेको देखाइएको छ ।

सिंह (२००२) का अनुसार कैयौ बालबालिकाहरू कारखानामा, सडक व्यापारीको रुपमा, फोहोर मैला संकलन गर्ने जस्ताकाममा संलग्न रहेको पाइन्छ । लामो समय जोखिमयुक्त काममा संलग्न भएपनि उनीहरूको पारिश्रमिक अत्यन्तै न्यून रहेको छ । आफ्नो शिक्षा, स्वास्थ्य, मनोरञ्जन, संरक्षण, र व्यक्तित्व विकास जस्ता अवसरलाई परित्याग गरेर आर्जन गरेको सामान्य ज्याला उनीहरूको जीवन निर्वाहका लागि पर्याप्त रहेको पाइदैन । यस्तो प्रकारको बालश्रमले उनीहरूको व्यक्तित्व विकासमा बाधा पुग्नका साथै बाल बेश्यावृत्ती, सडकमा माग्ने तथा चोरीगर्ने अवस्था समेत सृजना भएको छ । सामान्य प्रकारका बालश्रमले बालबालिकाहरूको सामाजिक, शारीरिक, मानसिक विकासमा केही फाइदा समेत हुने गरेको छ । यसका मद्धतले बालबालिकाहरूले आफूलाई सामाजिकीकरण गर्दै समाजको एउटा अङ्गमा आफूलाई रुपान्तरण गर्न सक्छन् । बालश्रमका कतिपय स्वरुपले हाम्रो कतिपय सामाजिक बनावटको स्वरुपलाई समेत प्रतिविम्वित गरेको पाइन्छ ।

थापा (२००१) का अनुसार शिक्षामा महिला दलित एवं पिछडिएका वर्गहरूको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच वढाउन अनिवार्य निशुल्क शिक्षाको व्यवस्था गर्ने, सबैका लागि शिक्षा पुऱ्याउने, विशेष शिक्षा आवश्यकता भएका वर्ग र अपाङ्गलाई विशेष शिक्षाको अवधारणा अनुसार शिक्षाका कार्यक्रमहरू समाहित गरी एकिकृत

शिक्षा पद्धतिको विकास गर्ने, शिक्षामा दलित एवं पिछडिएका वर्गको पहुँच वढाई कक्षा छोड्ने प्रवृत्तिलाई न्यूनीकरणगर्न छात्रवृत्तिको राशिलाई वढाई अझ व्यवस्थित गर्नुपर्ने, समग्र शिक्षा प्रणालीका विभिन्न पक्षहरू अध्ययन, अध्यापन, प्रशिक्षण, नीतिनिर्माण एवम् व्यवस्थापनमा ठोस लैङ्गिक सुचकाङ्कहरू तयारपारी लैङ्गिक एवं जातिय सूचाङ्क परिक्षण प्रणाली लागू गर्नुपर्ने हुन्छ। यसका साथै विद्यालयमा दलित विद्यार्थी संख्याको भर्नादर र टिकाउदर बढी भएको विद्यालयलाई थप अनुदान एवं शिक्षकलाई तालिमको व्यवस्था गर्न सके दलित बालबालिकाहरूले बीचैमा कक्षा छोड्ने समस्या न्यूनीकरण हुन सक्ने कुरा उल्लेख गरिएको छ।

पोखेल (२०६२) ले तयार पार्नु भएको *माध्यमिक तहमा सुकुम्वासी बालबालिकाको सहभागीता कस्तो रहेको छ* भन्ने शोधपत्रमा सुकुम्वासी बालबालिकाहरूको विद्यालयमा उपस्थिति न्यून रहेको, उनीहरूको कक्षा दोहोऱ्याउने दर उच्च रहेको, विद्यालयको विविध क्रियाकलापमा सहभागीता न्यून रहेको र बीचैमा कक्षा छोड्ने दर उच्च रहेको कुरा उल्लेख गर्नुभएको छ। सुकुम्वासी बालबालिकाहरूलाई विद्यालय जानका लागि बाधागर्ने तत्वहरूमा आर्थिक अभाव, घरायसी झगडा, बारम्वारको असफलता, स्वास्थ्य समस्या रहेको कुरा उल्लेख गर्नुभएको छ। सुकुम्वासी बालबालिकाहरूलाई विद्यालयमा सहभागी गराउनका लागि सुकुम्वासी अभिभावकहरूलाई वसोवास गर्ने जग्गाको व्यवस्था गर्नुपर्ने, पोशाक शैक्षिक सामग्री उपलव्ध गराउनु पर्ने, छात्रवृत्तिको न्यायोचित वितरण गर्नुपर्ने, शैक्षिक जनचेतनाको अभियान चलाउनु पर्ने जस्ता सुझावहरू दिइएको छ।

सबैका लागि शिक्षा सन् २००४-२००९ को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मका लागि निर्माण गरिएको “राष्ट्रिय योजना” कार्ययोजनामा आधारित पञ्चवर्षिय रणनीतिक कार्यक्रमले प्राथमिक शिक्षाको पहुँच तथा समन्यायिकता सुनिश्चित गर्ने प्राथमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता वृद्धिगर्ने र कार्यदक्षता तथा संस्थागत क्षमतामा सुधार गर्ने जस्ता उद्देश्यहरू रहेका छन्। यो दस्तावेज दशौं योजनाले अवलम्वन गरेको अवधारणा अनुरुप गरिवी न्यूनीकरणमा विशेष रुपले लक्षित भएको हुदा लक्षित वर्ग खासगरी बालबालिकाहरू सुविधा विमुख समुदायका दलित, अपाङ्ग बालबालिकाहरूलाई विद्यालय जान प्रोत्साहन एवम् विद्यालय छाड्ने दर घटाउन छात्रवृत्तिको व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले भाषाका कारणले विद्यालय पहुँच तथा छाड्ने दरलाई न्यूनीकरण गर्नका लागि बिभिन्न भाषाभाषीका आकांक्षालाई समेत ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्ने नीतिलाई अवलम्वन गरिएको छ (शर्मा, २०६१ वाट उदृत)।

शाह (२०६१) ले तयार पार्नुभएको *अछाम जिल्लामा मा.वि.तहमा Drop out गर्ने छात्र, छात्रा दर तथा संख्या एक अध्ययन* शीर्षकको शोधपत्रका अनुसार अधिकांश मा.वि. तहका विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने गरेको पाइएको कुरा उल्लेख छ । त्यस जिल्लाका मा.वि. तहको कक्षा ९ र १० का विद्यार्थीहरूले कक्षा पूरा नगरी बीचैमा विद्यालय छोड्नुका सामान्य कारणहरूमा अशिक्षा, घरायसी कामकाज, रुढीवादी धारणा, छिटो विवाह, लगायतका रहेको कुरा उल्लेख गरिएको छ । शोधकर्ताका अनुसार शिक्षा नीति तथा शिक्षण पेशालाई आकर्षित र मर्यादित बनाउन नसक्नु, विद्यालय अनुगमन प्रणाली प्रभावकारी नहुनु, मा.वि. तहको पाठ्यक्रम व्यवसायिक नहुनु र जीवन उपयोगी नहुनु जस्ता कुराहरूले नै बीचैमा विद्यालय छोड्ने कार्यलाई वल पुर्‍याइरहेको उल्लेख छ । उनले आफ्नो अध्ययनको निष्कर्षमा आम अभिभावकहरूलाई शिक्षाको महत्वका बारेमा वुझाउन सकेमा, सामाजिक रुपमा जरा गाडेर वसेका कुरीति र कुसस्कारलाई हटाउन सकेमा, पाठ्यक्रमलाई व्यावसायिक बनाउन सकेमा, विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन सकेमा मा. वि. तहको बीचैमा विद्यालय छोड्ने दरमा कमी ल्याउन सकिने कुरा उल्लेख गरेका छन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस शोध अध्ययनका उद्देश्यहरू प्राप्तिका लागि शोध कार्यलाई वस्तुगत ढङ्गले अघि वढाउने क्रममा शोध अध्ययनको विषय, प्रकृति र क्षेत्र लगायतका विषयको गाम्भिर्यतालाई मध्यनजर गर्दै मास्लो (१९५६) को आवश्यकताको सिद्धान्त, इमाइल दुर्किम (१९९७) को सामाजिक वर्ग तथा शैक्षिक सिद्धान्त र कार्लमार्क्स (१८४८) को वर्ग संघर्ष सिद्धान्तको आधारभूत मान्यताहरूलाई प्रयोग गरिएको छ ।

मास्लो (१९५६) का अनुसार मानिसका प्रसस्तै इच्छा, चाहना र आवश्यकताहरू हुन्छन् । ती चाहाना तथा आवश्यकताहरू क्रमश : आधारभूत हुदै माथिल्लो अवस्थासम्मका हुन्छन् । मानिसले आधारभूत आवश्यकताको परिपूर्ति पश्चात् मात्र त्यसभन्दा माथिका आवश्यकताहरू पूरागर्ने तर्फ अगाडि वढ्दछ । मानिसका कुनै चाहना पूराहुन सक्दछन् तर आवश्यकता र चाहनाको पूर्णता भने कहिल्यै हुँदैन जुन प्राप्तिको लागि मानिस सधै उत्प्रेरित हुने गर्दछ । मानिसका अप्राप्त चाहनाहरूपनि प्रसस्तै हुन्छन् जसलाई एक निश्चित क्रमवद्धताको आधारमा छुट्टयाउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकताहरूको परिपूर्ति पश्चात्मात्रै प्राथमिकताको आधारमा उच्च स्तरका आवश्यकताहरूको परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ (काफ्ले, २०६४ वाट उदृत ) ।

बालबालिकाहरूको शिक्षा, स्वस्थ्य, संरक्षण सहभागिता, पोषण जस्ता कुराहरू आधारभूत अधिकार हुन् । जसले प्राथमिक आवश्यकताहरू खाना कपडा र आवासजस्ता शारीरिक आवश्यकताहरू पूरागर्न सक्दैनन् त्यस्ता बालबालिकाहरूलाई आधारभूत वालअधिकारका कुराहरू उपलब्ध हुदैनन् । आवश्यकताको श्रृङ्खलावद्ध आधारभूत तत्वनै शारीरिक आवश्यकता हो । जीवनको लागि आवश्यक पर्ने खाना, हावा, पानी, कपडा, बास आदि मानिसका आधारभूत आवश्यकताहरूको परिपूर्ति पश्चात मात्र शिक्षा, स्वास्थ्य, सहभागिता र संरक्षणका कुराहरू आउने भएकाले मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार ग्रामिण समुदायका विपन्न बालबालिकाहरू विद्यालय बीचैमा छोडेर बालश्रमका विविध क्षेत्रमा संलग्न रहेका हुन्छन् ।

दुर्खिम (१९९७) का अनुसार समाजमा व्यक्तिद्वारा गरिने सामाजिक व्यवहार, विचार अनुभव एवं कार्यगर्ने गर्दछन् । जसलाई वाह्यरुपबाट दवाव दिइने तत्वकोरुपमा उल्लेखगर्न सकिन्छ । व्यक्ति आफूलाई एउटा यस्तो शक्तिको रुपमा पाउँछ जो उ भन्दा निकै श्रेष्ठ छ जसका अगाडि ऊ नतमस्तक हुनजान्छ । शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्नो आदर्शको रुपमा ग्रहण गर्दछ र समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरुप हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहेका परिवर्तन अनुसार शैक्षिक प्रकृयामा परिवर्तन भइरहनु पर्दछ र समाजका प्रत्येक अङ्गले सृजना गरेका आदर्शहरूलाई संरक्षण दिनेकाम शिक्षाले गर्नुपर्दछ । सामाजिक तथ्यका दुईवटा प्रमुख विशेषताहरू वाह्यता र वाध्यता रहेका छन् । वैयक्तिक चेतनाहरू मिलेर सामुहिक चेतनाको निर्माण हुन्छ तर यस्ता सामाजिक तथा सामूहिक चेतनामा वैयक्तिक चेतनाको कुनैपनि विशेषता विद्यमान रहेको हुदैन । सामुहिक चेतनाको निर्माणपश्चात व्यक्तिका व्यवहारहरू यसैद्वारा निर्देशित तथा नियन्त्रित हुन्छन् (अधिकारी, २०५७) ।

सामाजिक व्यवहार चालचलन मान्यता तथा संस्कृति जस्ता तत्वहरूले शिक्षणमा प्रत्यक्ष र परोक्षरुपमा प्रभाव पारिरहेको हुन सक्छ भन्ने मान्यता यस सामाजिक तथ्यको सिद्धान्तले स्थापित गरेको छ । व्यक्तिले गर्ने यस्ता व्यवहार एवं कार्यहरूबाट शिक्षामा समेत प्रभाव परेको देखिन्छ । छोराछोरीको विवाह कमउमेरमा नै गरिनु, विवाह पछि उनीहरूलाई विद्यालय नपठाउनु, छोरीको शिक्षालाई महत्व नदिनु, आदि जस्ता उदाहरणहरू सामाजिक चेतनाद्वारा नियन्त्रित व्यवहारको रुपमा उल्लेखगर्न सकिन्छ । विद्यालय छोड्ने प्रवृत्तिपनि समाजसँग

सम्वन्धित तथ्य वा घटना भएको हुदा यसका कारणहरूसँग सम्वन्धित गरी यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

कार्लमार्क्स (१८४८) को वर्ग संघर्ष सिद्धान्तका अनुसार जुनसुकै समाजमा पनि दुई वर्ग रहेका हुन्छन् - शोषित र शोषक । समाजमा रहेको उत्पादनका साधनहरू रहेको वर्ग शोषक वर्ग हो भने शारीरिक श्रम वाहेक केही नभएको वर्ग शोषित वर्ग हो । उनका अनुसार आजसम्मको समाजको इतिहास भनेको वर्ग संघर्षको इतिहास हो । स्वतन्त्र मानिस दास, अभिजात, सामन्त र किसान आदि वर्गमा वाडिएको छ । एउटै शव्दमा भन्दा शोषक र शोषित सधैं एक अर्काका विरोधमा कहिले लुकेर कहिले खुलेर निरन्तर संघर्ष गरिरहेका हुन्छन् । यो नै समाजको द्वन्द्ध सिद्धान्त हो (शर्मा, २०६० वाट उदृत ) ।

यसरी कार्लमाक्सको यो सिद्धान्तलाई उपयोग गरेर समाजमा प्रचलित माध्यमिक तहका बालमजदुरी गर्ने विद्यार्थीहरुको अवस्थालाई अध्ययनको आधार मानियो । समाजमा रहेका दलित, कमजोर आर्थिक अवस्था भएका शोषित वर्गका परिवारबाट नै विद्यालय छोड्ने र विविध किसिमका बालश्रमहरूमा संलग्न रहेको पाइन्छ । मार्क्सले भनेझैं सामाजिक परिवर्तनको प्रक्रियाबाट परिवर्तन वा दुई वर्गको द्वन्द्धबाट हुने परिवर्तन होस् समाजमा उपलव्ध बालमजदुर विद्यार्थीहरुको विकास र विनासमा यो सिद्धान्तको उपयोग उल्लेखनीय रहेको पाइन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

आवश्यकताको सिद्धान्त अनुसार मानिसका आधारभूत आवश्यकताहरू पूराभएपछि मात्र ऊ अन्य आवश्यकताहरू पूरागर्ने तर्फ अग्रसर हुन्छ । सर्वप्रथम खाने, लगाउने, वासवस्ने जस्ता कुराहरूप्रति मानिसको ध्यान जान्छ । विद्यालय उमेरका कैयौ बालबालिकाहरू विद्यालयको शिक्षाबाट बञ्चित छन् विद्यालय गएकाहरुको पनि सिकाइ उपलव्धि राम्रो छैन र सोही कारणले कैयौ वालवालिकाहरुले विद्यालय बीचैमा छोडिरहेको अवस्था छ ।

यस अध्ययनवाट वर्तमान माध्यमिक तहमा वालमजदुर विद्यार्थीहरुको सिकाइ अवस्था पत्ता लागेको छ । उनीहरुको अध्ययन कार्य प्रतिको दृष्टिकोण पनि पत्ता लागेको छ । माध्यमिक विद्यालय उमेर समूहका वालवालिकाहरुले वालमजदुरका रुपमा काम गर्नु पर्ने कारणहरुको बारेमा समेत जानकारी भएको छ । त्यस्तै वालमजदुरका रुपमा कार्यरत वालवालिकाहरुको सिकाइ उपलव्धिमा वृद्धि गर्ने उपायहरु समेत सुझाइने भएकाले विद्यालयका संचलक, विद्यालय प्रशासन, शिक्षकहरु तथा विद्यार्थी स्वयंलाई सफल शिक्षण सिकाइका लागि सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

शोध कार्यलाई तथ्यपरक, स्तरीय र जानकारीमूलक बनाउन निश्चित अनुसन्धान ढाँचा अवलम्वन गर्नुपर्ने हुन्छ । अनुसन्धान ढाँचाको उचित चयन र त्यसको सही प्रयोगले मात्र सही सूचना प्राप्त गर्न सकिन्छ । यो अध्ययनको लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचा अपनाइएको छ । यस अध्ययनमा वालमजदुरी गर्ने विद्यार्थीहरुले विद्यालय छाड्ने कारण र त्यसको समाधानका उपायहरूको विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । अध्ययनको उद्देश्य प्राप्ति गर्न र उल्लेखित उद्देश्य पूरा गर्नका लागि सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता विधि र साधनको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई ब्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोध अध्ययनकार्य पूरा गर्नका लागि आवश्यक पर्ने जनसंख्या, सो जनसंख्याबाट छनौट गरिएको नमुनाको आकार, ती नमुनाहरू छनौट गर्न अपानाइएको विधि तथा नमुना छनौटका आधारहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

### ३.२.१ जनसंख्या

*बालमजदुरी र शिक्षा* शीर्षकको शोध अध्ययन कार्य पूरा गर्नका लागि सुकुना स्रोतकेन्द्रका आठ वटा सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये, यसै स्रोतकेन्द्र अन्तर्गतका तिन वटा विद्यालयहरू, ती विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, बालमजदुरीका रुपमा कार्यरत वालवालिकाहरु र तिनका अभिभावकहरूलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनमा शोध अनुसन्धानका उद्देश्यहरू पूरागर्न मोरङ्ग जिल्लाको सुकुना स्रोतकेन्द्र अन्तर्गतका आठ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये तिन वटा माध्यमिक विद्यालयहरू छनौट गरिएको छ । त्यसैगरी नमुना छनौटमा परेका विद्यालयबाट प्र.अ. ३ जना, प्रत्येक विद्यालयबाट दुईजनाका दरले शिक्षक ६ जना छनौट गरिएको छ । प्रत्येक विद्यालयबाट

वालमजदुरका रुपमा कार्यरत बालबालिकाहरू ३/३ जनाका दरले ९ जना र तिनका अभिभावकहरूलाई नमुनाको रुपमा छानिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी सम्बन्धित विद्यालयका प्र.अ.हरू प्रत्येक विद्यालयबाट वालमजदुरीका रुपमा कार्यरत रहेका विद्यार्थीहरु, तिनका अभिभावकहरू नमुनाको रुपमा छानिएको छ । सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी नमुना छनोटमा परेका विद्यालयबाट शिक्षकहरू छनौट गरिएको छ । अध्ययनका लागि छनौट गरिएको नमुना जनसंख्याको छानिने सम्भावना वरावर रहेको अवस्थामा सामान्य सम्भावनायुक्त नमुना छनौट विधि प्रयोग गरिएको छ ।

### ३.२.४ नमुना छनौटको आधार

अनुसन्धान कार्य सम्पन्न गर्नका निम्ति नमुनाको आवश्यकता पर्दछ ।  नमुना छनौट गर्दा विभिन्नतालाई ध्यान पुऱ्याएर गर्नुपर्ने हुन्छ । यस अनुसन्धानमा विद्यालयहरूको छनौट गर्दा सम्भाब्यता र सुगमताका साथै विद्यालयको सामाजिक, साँस्कृतिक परिवेशलाई आधार मानिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरू

यस शोधपत्रमा नमुना छनौटमा परेका विद्यलयमा गएर तथ्याङ्क लिने कार्य गरियो । जसमा स्रोत व्यक्तिसँग छलफल, प्र.अहरुसँग प्रत्यक्ष कुराकानी, नमुना जनसंख्यासँग छलफल, अन्तर्वार्ता, प्रश्नावली, सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन जस्ता अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता अनुसूचि

अन्तर्वार्ता गुणात्मक अध्ययनको महत्वपूर्ण तथ्याङ्क संकलनको साधन हो । अन्तर्वार्ताले व्यक्ति भित्रका भावना र विचारलाई प्रष्ट रुपमा वाहिर ल्याउने कार्य गर्दछ जसले व्यक्तिका विचार मात्र होइन निश्चित तथ्याङ्कलाई समेत अगाडि ल्याउँछ । यस अध्ययनमा नमुना जनसंख्यामा परेका शिक्षकलाई अन्तर्वार्ता अनुसूचि साधनको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.२ प्रश्नावली

उत्तरदाताले खुल्ला रुपमा आफ्नो विचार व्यक्त गर्न पाउने खालका प्रश्नहरू समावेश भएको प्रश्नावलीलाई खुला प्रश्नावलीको रुपमा मानिएको छ । यस्तो प्रश्नावलीमा आफ्नै भाषाशैलीमा स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरेर जवाफ दिन सकिन्छ । यस अध्ययनमा नमुना छनौटमा परेका स्रोतब्यक्ति, प्र.अ. र शिक्षक बाट आवश्यक सुचना लिन खुल्ला प्रश्नावली अनुसूचि साधनको प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस क्षेत्रलाई नै तथ्याङ्कको स्रोत भनिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोत फरक फरक हुने गर्छ । तथ्याङ्कहरू प्राथमिक र सहायक गरी दुई प्रकारका हुन्छन् ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययनमा अन्तर्वार्ता, प्रश्नावली, स्थलगत सर्वेक्षण आदि साधनहरूलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

### ३.४.२ सहायक स्रोत

अनुसन्धानको सिलसिलामा पूर्व प्रकासित तथा संकलित तथ्याङ्कहरूलाई सहायक स्रोतको रुपमा उपयोग गरिएको छ । यस अध्ययन अनुसन्धानको लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क, विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक नीति नियम र तथ्याङ्कहरू, अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, विद्यालयमा रहेका विभिन्न किसिमका रेकर्ड फाइलहरू, अभिलेख आदिबाट सहायक तथ्याङ्क सङ्कलन गरिएकोछ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवैको मिश्रित अनुसन्धान भएकाले अनुसन्धान प्रश्नमा केन्द्रित रही नमुना छनोटमा परेका जनसङ्ख्यासँग गरिएको छलफल, लिइएको अन्तर्वार्ता, भराइएका प्रश्नावली जस्ता प्राथमिक र सहायक तथ्याङ्क मानिएको छ ।  यसका अतिरिक्त संकलित तथ्याङ्कलाई चार्ट, स्तम्भचित्र तथा वृत्तचित्रका आधारमा व्याख्या विश्लेषण गरिकोछ ।

# परिच्छेद चार

# तथ्याङ्को व्याख्या तथा विश्लेषण

यस परिच्छेदमा शोध अध्ययनका क्रममा छनोटमा परेका व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता, भराईएका प्रश्नावली तथा अवलोनकबाट प्राप्त शाब्दिक तथ्याङ्कहरुलाई अध्ययनको मुख्य अनुसन्धानात्मक प्रश्न र उद्देश्य अनुसारका विभिन्न उप-शीर्षकमा विभाजन गरी नतिजाको विश्लेषण गरिएको छ । उद्देश्यको क्रम अनुसारका उपशीर्षकभित्र प्राथमिक र सहायक स्रोतबाट आएका शाब्दिक तथ्याङ्कहरुलाई प्रस्तुत गरेर स्थापित सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यलाई जोडेर विश्लेषण गरी निश्कर्ष निकालिएको छ ।

## ४.१ सार्वजनिक माध्यमिक विद्यालयहरूमा बालश्रमिकको शैक्षिक अवस्था

यहाँ नमुना छनौटमा परेका विद्यालयहरूको बिगत तीन वर्षको भर्नादर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर पत्ता लगाउने, ती विद्यालयहरूमा अध्ययनरत बालश्रमिक बालबालिकाहरूको अवस्था उनीहरू मध्ये बालश्रममा संलग्नहरूको क्षेत्र तथा बालबालिकाहरूले बालश्रम गर्नुपर्ने कारणहरूका बारेमा छलफल गरिएको छ । विद्यालय छोडेर गएका विद्यार्थीहरूसँगको छलफल, अन्तर्वार्ता, शिक्षक अभिभावक, प्र.अ.सँग गरिएको कुराकानी, प्रश्नावलीको उत्तरबाट प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरूलाई अनुसन्धानको उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ सार्वजनिक माध्यमिक विद्यालयहरूको भर्नादर

यस शोधकार्यको नमुना छनौटमा परेका माध्यमिक विद्यालयहरूको विद्यालय अभिलेखका साथै स्थलगत सर्वेक्षणबाट प्राप्त विगत तीनवर्षको विद्यार्थी भर्नादर विवरण निम्नानुसार रहेको पाइयो ।

**तालिका १ : माध्यमिक तहको विद्यार्थी भर्नादर र बीचैमा कक्षा छोड्ने दर**

| क्र. स. | विद्यालयको नाम | २०७० | | | २०७१ | | | २०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल भर्ना | कक्षा छोड्ने | % | कूल भर्ना | कक्षा छोड्ने | % | कूल भर्ना | कक्षा छोड्ने | % |
| १ | शिक्षा निकेतन मा.वि | १७० | १९ | ११.२ | १४१ | १२ | ७.५ | १६७ | ११ | ६.६ |
| २ | जनता मा.वि. | १०९ | ६ | ५.५ | ११७ | ५ | ४.३ | १२२ | ४ | ३.३ |
| ३ | कबिर मा.वि. | १३४ | ११ | ८.२ | १४१ | ८ | ५.७ | १४९ | ५ | ३.३ |
| जम्मा | | ४१३ | ३६ | ८.७ | ३९९ | २५ | ६.३ | ४३८ | २२ | ५ |

स्रोतः विद्यालय अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७३

नमुना छनौटमा परेका मध्ये शिक्षानिकेतन मा.वि. को माध्यमिक तहमा शैक्षिक सत्र २०७० मा १७० जना विद्यार्थी भर्ना भएकोमा शैक्षिक सत्र २०७१ मा सो संख्यामा २९ जनाले कमी आएर १४१ पुगेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०७२ मा कूल विद्यार्थी संख्यामा बृद्धि भएर १६७ पुगेको  पाइयो । सो विद्यालयको बीचैमा कक्षा छोड्ने दरमा पनि क्रमश कमी आइरहेको पाइयो । सो विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०७० मा ११.२ प्रतिशत अर्थात १९ जनाले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०७१ मा १२ जना ७.५ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०७२ मा सो विद्यालयमा अध्ययनरत मध्ये ११ जना वा कूल भर्ना भएकाहरू मध्ये ६.६ प्रतिशतले विद्यालय छोडेको पाइयो । जनता मा.वि. मा शैक्षिक सत्र २०७० मा १०९ जना विद्यार्थीहरू भर्ना भएकोमा २०७१ मा सो संख्या बढेर ११७ पुगेको  पाइयो भने शैक्षिक सत्र २०७२ मा पनि बढेर १२२ जनामा पुगेको पाइयो । सो विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०७० मा ५.५ प्रतिशत अर्थात ६ जनाले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०७१ मा ५ जना ४.३ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०७२ मा सो विद्यालयमा अध्ययनरत मध्ये ४ जना वा कूल भर्ना भएकाहरू मध्ये ३.३ प्रतिशतले विद्यालय छोडेको पाइयो।

त्यसैगरी कबिर मा.वि. मा शैक्षिक सत्र २०७० मा १३४ जना विद्यार्थीहरू भर्ना भएकोमा शैक्षिक सत्र २०७१ मा १४१ जना र शैक्षिक सत्र २०७२ मा सो संख्या १४९ पुगेको पाइयो । सो विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०७० मा ८.२ प्रतिशत अर्थात ११ जनाले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०७१ मा ८ जना ५.६ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०७२ मा सो विद्यालयमा अध्ययनरत मध्ये ५ जना वा कूल भर्ना भएकाहरू मध्ये ३.३ प्रतिशतले विद्यालय छोडेको पाइयो ।

नमुना छनौटमा परेका सामुदायिक विद्यालयहरू मध्ये शिक्षानिकेतन मा.वि.मा सबैभन्दा बढी विद्यार्थी भर्ना भएको पाइयो भने जनता मा.वि.मा सबैभन्दा कम विद्यार्थीहरू भर्ना भएको अवस्था पाइयो । भर्नादरमा उतारचढाब भइरहदा विद्यालय छोड्ने दरमा भने क्रमश कमी आइरहेको अवस्था पाइयो । शैक्षिक सत्र २०७० मा कुल भर्ना भएका मध्ये लगभग ८.७% ले बीचैमा कक्षा छोडेकोमा शैक्षिक सत्र २०७१ मा सो दरमा केही कमी आएर ६.३% मा झर्न पुगेको अवस्था छ । नमुना छनौटमा परेका विद्यालयहरूको समग्रमा कक्षा छोड्ने दरमा कमी आइरहेको देखीन्छ । नमुना छनौटमा परेका विद्यालयहरू मध्ये शिक्षानिकेतन मा.वि.मा सबैभन्दा बढी कक्षा छोड्ने दर रहेको पाइयो भने जनता मा.वि.मा सबैभन्दा कमी रहेको पाइयो ।

विगत तीन वर्षको विद्यार्थी भर्नालाई अध्ययन गर्दा प्रत्येक वर्ष भर्नाहुने विद्यार्थीहरूको संख्या समग्रमा बृद्धिहुदै गइरहेको पाइयो । २०७० सालको तुलनामा २०७१ सालमा शिक्षानिकेतन मा.बि मा  विद्यार्थी भर्नामा कमी आएको पाईयो भने बाकी दुई विद्यालयमा भर्नामा बृद्धि भएको पाइयो । मसमग्रमा हेर्दा बिद्यालय भर्नादरमा बृद्धि भएको पाइयो । यसरी क्रमश विद्यार्थी भर्ना दरमा बृद्धि आउनुको कारण सरकारी विद्यालय प्रति बालबालिका तथा अभिभावकहरूको आकर्षण वढ्नु, कक्षा १० सम्म निशुल्क शिक्षा हनु, हाल आएर सामुदाईक विद्यालय बाट एस.एल.सि उतिर्ण गर्ने विधार्थी लाई प्राथमीकतामा राख्नु मुख्य कारण रहेको पाइयो । त्यस्तै तुलनात्मक रुपमा विद्यालय हरुमा विद्यार्थी भर्ना दरमा उतारचढब आउनुमा बिद्यार्थीहरु एउटा विद्यालय बाट अर्को विद्यालय मा सर्ने गरेको पाइयो ।

### ४.१.२ बीचैमा कक्षा छोड्ने विद्यार्थीहरूको विवरण

नमुना छनौटमा परेका विद्यालयहरूको विद्यालय अभिलेखका आधारमा विगत तीन वर्षको बीचैमा विद्यालय छोड्ने छात्रछात्राहरूको विवरण निम्नानुसार रहको पाइयो

## तालिका २ : बीचैमा विद्यालय छोड्ने छात्रछात्राको विवरण

| विद्यालयको नाम | २०७० | | | २०७१ | | | २०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| शिक्षा निकेतन मा.वि | १८ | ३ | २१ | ७ | ५ | १२ | ५ | ८ | १३ |
| जनता मा.वि. | २ | ४ | ६ | २ | ३ | ५ | ३ | १ | ४ |
| कबिर मा.वि. | ६ | ५ | ११ | ६ | २ | ८ | १ | २ | ३ |
| जम्मा | २६ | १२ | ३८ | १५ | १० | २५ | ९ | ११ | २० |

स्रोत: विद्यालय अभिलेख, २०७३

नमुना छनौटमा परेका विद्यालयहरू मध्ये शिक्षा निकेतन मा.वि.मा शैक्षिक सत्र २०७० मा बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरू १८ छात्र र ३ छात्रा गरी जम्मा २१ जना रहेकोमा शैक्षिक सत्र २०७१ मा ७ छात्र र ५ छात्रा गरी १२ जनाले विद्यालय छोडेको पाइयो । शैक्षिक सत्र २०७२ मा सो संख्यामा बृद्धि भएर ५ छात्र र ८ छात्रा गरी १३ जनामा बृद्धि भएको पाइयो । उक्त विद्यालयमा छात्रा भन्दा छात्रहरूको बीचैमा विद्यालय छोड्ने दर बढी रहेको पाइयो । त्यसैगरी जनता मा.वि.मा शैक्षिक सत्र २०७० मा २ छात्र र ४ छात्रा गरी जम्मा ६ जनाले बीचैमा विद्यालय छोडेकोमा शैक्षिक सत्र २०७१ मा सो संख्या घटेर २ छात्र र ३ छात्रा गरी जम्मा ५ जनामा झरेको पाइयो भने शैक्षिक सत्र २०७२ मा सो संख्यामा कमी आएर १ छात्र र ३ छात्रा गरी जम्मा ४ जनाले विद्यालय छोडेको पाइयो । यसरी यस बिद्यालय विचैमा कक्षा छाड्ने विद्यार्थीहरुको संख्या कमस घट्दो दरका रहेको पाईयो ।

कवीर मा.वि.मा शैक्षिक सत्र २०७० मा बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या ६ छात्र र ५ छात्रा गरी जम्मा ११ रहेकोमा २०७१ मा ६ छात्र र २ छात्रा गरी ८ पुगेको र २०७२ मा सो संख्यामा कमीआएर १ छात्र र ३ छात्रा गरी जम्मा ४ रहेको पाइयो ।

छात्र छात्राहरूको तुलना गर्दा छात्राहरूकोभन्दा छात्रहरूको विद्यालय छोड्ने संख्या बढी भएपनि प्रत्येक शैक्षिक सत्रमा घटिरहेको अवस्था छ । छात्रहरूको विद्यालय छोड्ने दरपनि घट्दो

क्रममा भएपनि छात्राहरूको तुलनामा त्यो दरमा बढी देखिन्छ । नमुना छनौटमा परेका विद्यालयहरूको बीचैमा विद्यालय छोड्ने दरको विश्लेषण गर्दा जुनमात्रामा सो दरमा कमी आउनु पर्ने हो सो नभएको अवस्था पाइयो । यसरी बीचैमा विद्यालय छोड्ने प्रचलन अझैपनि रहनुका पछाडि आर्थिक सामाजिक तथा मनोवैज्ञानिक कारणहरू रहेको पाइन्छ ।

### ४.१.३ कक्षा दोहोर्‍याउने विद्यार्थीहरूको विवरण

नमुना छनौटमा परेका विद्यालयहरूमा विगत शैक्षिक सत्रहरूमा कक्षा दोहोर्‍याउने विद्यार्थीहरूको विवरण निम्नानुसार पाइयो ।

**तालिका ३ : कक्षा दोहोर्‍याउने विद्यार्थीहरूको विवरण**

| क्र.सं | विद्यालयको नाम | २०७० | २०७१ | २०७२ |
|---|---|---|---|---|
| १ | शिक्षानिकेतन मा.वि. | २३ | १७ | ११ |
| २ | जनता मा.वि. | २१ | १८ | १३ |
| ३ | कबिर मा.वि | २७ | १९ | १४ |
| जम्मा | | ७१ | ५५ | ३८ |

स्रोतः विद्यालय अभिलेख, २०७३

शिक्षानिकेतन मा.वि.मा शैक्षिक सत्र २०७० मा २३ जना विद्यार्थीहरूले कक्षा दोहोर्‍याएकोमा शैक्षिक सत्र २०७१ मा सो संख्यामा कमी आई १७ जना पुगेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०७२ मा सो संख्या ११ जनामा झरेको पाइयो । जनता मा.वि. मा शैक्षिक सत्र २०७० मा २१जनाले कक्षा दाहोर्‍याएकोमा २०७१ मा सो संख्यामा कमी भई १८ जना पुगेको र २०७२ मा घटेर १३ जना पुगेको पाइयो । कवीर मा.वि.मा शैक्षिक सत्र २०७० मा २७ जना र २०७१ मा १९ जना विद्यार्थीहरूले कक्षा दोहोर्‍याएको मा २०७२ मा सो संख्या घटेर १४ जनामा झरेको पाइयो ।

विगत शैक्षिक सत्रहरूको तुलनामा गत शैक्षिक सत्रमा कक्षा दोहोर्‍याउने विद्यार्थीरुको संख्या घट्दै गएको पाइयो । यसरी हेर्दा यो संख्या क्रमश घटेपनि शून्यमा झरेको पाइदैन ।

बिगत केही वर्षदेखि उदार कक्षोन्नती मूल्याङ्कन प्रणाली क्रमश लागू भएकोले गर्दा कक्षा दोहोऱ्याउने दरमा कमी आएको पाइयो ।

### ४.१.४ बालमजदुरी गर्ने विद्यार्थीहरुका श्रमका क्षेत्रहरू

बालबालिकाहरूलाई काममा लगाउन नपाइने कानुनी व्यवस्था रहेको छ । बालबालिकाहरूको शारीरिक मानसिक वौद्धिक विकाश हुने समयमा शारीरिक श्रम गर्नुपर्ने अवस्था देखिएको छ । बालश्रमिकको रुपमा बालबालिकाहरू काम गर्ने क्षेत्रहरू निम्नानुसार रहेको पाइयो ।

**तालिका ४ : बालमजदुरी गर्ने विद्यार्थीहरुका श्रमका क्षेत्रहरू**

| क्र.सं | श्रमका क्षेत्रहरू | बालबालिकाहरूको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि श्रमिक | २३ | २७.३८ |
| २ | घरेलु श्रमिक | २१ | २५ |
| ३ | यातायात श्रमिक | १५ | १७.८६ |
| ४ | होटल | ११ | १३.१ |
| ५ | कलकारखाना | ०९ | १०.७१ |
| ६ | पत्रपत्रिका बेचबिखन | ०५ | ५.९५ |
| | जम्मा | ८४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

बालबालिकाहरू विद्यालय छोडेर बालश्रममा संलग्न भएका क्षेत्रहरूमा सबैभन्दा बढी कृषि क्षेत्र त्यसपछि क्रमश घरेलु श्रमिक, यातायात, होटल, कलकारखाना, र पत्रपत्रिका बेचबिखन मा रहेको पाइयो । विद्यालय छोडेर बालश्रममा संलग्न भएकाहरू ८४ जना बालबालिकाहरू मध्ये २३ जना अर्थात २७.३८ प्रतिशत बालबालिकाहरू कृषि श्रमिकको रुपमा काम गरिरहेको पाइयो । त्यसैगरी घरेलु क्षेत्रमा २१ जना बालबालिकाहरू संलग्न भएको पाइयो । सो संख्या कूल बालश्रममा संलग्नहरूसंख्याको २५ प्रतिशत हो । विद्यालय छोडेर बालश्रममा संलग्न भएकाहरू मध्ये १७.८६ प्रतिशत अर्थात १५ जना बालबालिकाहरू यातायातको क्षेत्रमा

यातायात मजदुरका रुपमा काम गरिरहेको अवस्था पाइयो । त्यस्तै होटलमा १३.१ प्रतिशत बालबालिकाहरू संलग्न भएको पाइयो । कूल ८४ जना मध्ये होटलमा ११ जना बालबालिकाहरूले श्रमिकको रुपमा काम गरिरहेको पाइयो । यस वाहेक १०.७१ प्रतिशत अथवा ०९ जना बालबालिकाहरू कलकारखाना क्षेत्रमा बालश्रमिकको रुपमा काम गरिरहेको पाइयो । त्रपत्रिा बेचबिखनका क्षेत्रमा पनी ०५ जना अर्थात ५.९५ प्रतिशत रहेको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयबाट आफु अध्ययनरत विद्यालय छाडेर बालबालिकाहरू बालश्रमका विभिन्न क्षेत्रहरूमा संलग्न भएको पाइयो । कतिपय बालबालिकाहरू आफ्नै घरमा काम गरिरहे को पाइयो भने कतिपय घर छोडेर अन्यत्रै काम गरिरहेको अवस्था पाइयो । बालश्रमका कारण विद्यालय छोडेकाहरू मध्ये सबैभन्दा बढी कृषि क्षेत्रमा संलग्न भएको पाइयो भने सबैभन्दा कम पत्रपत्रीका बेचबीखन गर्ने काम गरिरहेको पाइयो । त्यसै गरी घरेलु श्रमिकको रुपमा पनि लगभग कृषि श्रमिककै हाराहारीमा बालबालिकाहरू संलग्न भएको पाइयो । बालश्रमिकको रुपमा कामगर्ने ८४ जना मध्ये २४ जना बालबालिकाहरू कृषि श्रमिकका रुपमा काम गरिरहेको तथ्याङ्कले अझैपनि कृषि कार्यमा प्रसस्तै बालबालिकाहरू प्रयोग भइरहेको कुरा प्रष्ट हुन्छ ।

बालबालिकाहरू बालश्रमका विभिन्न क्षेत्रहरूमा संलग्न भएर काम गरिरहेका छन् । ती क्षेत्रमा काम गर्नेहरूका वीचमा पनि समान कामहरू रहेको पाइदैन । कृषि क्षेत्रमा काम गर्नेहरू पनि हलो जोत्ने, गाई वस्तु चराउने घाँस दाउरा काट्ने, लगायतको कामहरू गरिरहेको पाइन्छ । त्यसरी बालश्रमका विभिन्न क्षेत्रहरूमा संलग्न भएका बालबालिकाहरूले गर्ने कार्यहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

## क. कृषि मजदुर

कृषि मजदुरका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुझ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

## तालिका ५ : कृषि मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण

| क्र. स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | हलो जोत्ने | ३ | ६ | ८ | ७ | २४ | ८८.८८ |
| २ | खेतीवाली लगाउने र उठाउने | ३ | ५ | ७ | ६ | २१ | ७७.७७ |
| ३ | भारी वोक्ने | १ | ३ | ५ | ४ | १३ | ४८.१४ |
| ४ | घाँस काट्ने | २ | ३ | ५ | ५ | १५ | ५५.५५ |
| ५ | वस्तु चराउने | १ | ५ | ६ | ५ | १७ | ६२.७० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

कृषि श्रमिकको रुपमा प्रयोग भएका बालबालिकाहरू मध्ये सबैभन्दा बढी बालबालिकाहरू खेती लगाउने र उठाउने वेलामा प्रयोग गर्ने गरेको जानकारी पाइयो । कृषि कार्यमा संलग्नहरूमा विशेषगरी वालकहरू हलो जोत्ने काममा संलग्न हुने गरेको जानकारी ८८.८८प्रतिशत उत्तरदाताहरूबाट प्राप्त भयो । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ६ जना शिक्षक, ८ जना विद्यार्थी र ७ जना अभिभावकहरू गरी जम्मा २४ जना रहेका छन् । खेती लगाउने र उठाउने काममा बालबालिकाहरूको अत्यधिक प्रयोग हुनेगरेको जानकारी उत्तरदाताहरू मध्ये २१ जना अर्थात ७७.७७ प्रतिशतले दिए । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ५ जना शिक्षक, ७ जना विद्यार्थी र ६ जना अभिभावकहरू गरी जम्मा २१ जना रहेका छन् । विशेष गरी धान रोप्ने तथा धान उठाउने वेलामा बालबालिकाहरू आफ्नै परिवारको काममा साथै अर्काकोमा मजदुरी गर्न जाने गरेको पाइयो । भारी बोक्ने काममा पनि बालबालिकाहरूको प्रयोग हुने गरेको जानकारी ४८.१४ प्रतिशत उत्तरदाताहरूले दिए । त्यसरी उत्तर दिनेहरूमा १ जनाप्र.अ.,३ जना शिक्षक, ५ जना विद्यार्थी र ४ जना अभिभावक गरी जम्मा

१३ जना रहेका छन् । अर्काको घरमा वसेर घाँस काट्ने तथा वस्तुभाउ चराउने  काममा बालबालिकाहरूको प्रयोग भइरहेको जानकारी उत्तरदाताहरू मध्ये क्रमस ५५.५५ प्रतिशतले र ६२.७० प्रतिसतले दिएका   छन् ।

नमुनाका रुपमा छनौट गरिएका सबै विद्यालयहरूको सेवाक्षेत्र सहरउन्मुख ग्रामिण इलाकामा पर्दछ । त्यहाका धेरै जसो मानिसहरूको पेशा कृषि रहेको छ । कृषि पेशामा धेरै जनशक्ति चाहिने भएकाले अधिकांश अभिभावकहरूले आफ्ना वालवच्चाहरूलाई आफ्नो क्षमता अनुसारको काम लगाउने गरेको पाइयो । कतिपय बालबालिकाहरू खेतीपातीको काममा प्रत्यक्षरुपमा काममा संलग्न भएको पाइयो । विशेषगरी वालिकाहरू धान रोप्ने, गोड्ने काममा संलग्न रहेको पाइयो । घरमा रोपाइँभएको वेलामा बालबालिकाहरूको विद्यालयमा न्यून उपस्थिति रहेको पाइयो । गाईवस्तु पाल्ने अधिकांश किसानका छोराछोरीहरू घाँस काट्ने, गाईवस्तु चराउने काममा लागिरहनु पर्छ जसले उनीहरूको पढाइमा बाधा पुगिरहेको हुन्छ ।

## ख. घरेलु श्रमिक

बालबालिकाहरूलाई घरेलु काममा प्रयोग गरिएको पाइयो । त्यसरी घरेलु कामदारका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुझ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

**तालिका ६ : घरेलु श्रमिकका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण**

| क्र.स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | भाँडा माझ्ने | ३ | ५ | ७ | ७ | २२ | ८१.४८ |
| २ | घर सरसफाइ गर्ने | २ | ४ | ६ | ७ | १९ | ६७.३५ |
| ३ | बालबालिका हेर्ने | १ | ५ | ८ | ६ | २० | ७४.१० |
| ४ | लुगा धुने | २ | ४ | ४ | ५ | १५ | ५५.५५ |
| ५ | खाना बनाउने | २ | ५ | ६ | ६ | १९ | ६७.३५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

बालबालिकाहरूले घरेलु श्रमिकको रुपमा भाँडा माझ्ने, घरको सरसफाई गर्ने, बालबालिकाहरू हेर्ने, लुगा धुने लगायतका कामहरू गर्ने गरेको पाइयो । उत्तरदाताहरू मध्ये २२ जना अर्थात ८१.४८ प्रतिसतले बालबालिकाहरूलाई घरेलु काम अन्तर्गत भाँडा माझ्ने काम गर्न लगाउने गरेको जानकारी दिए । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ५ जना शिक्षक, ७ जना विद्यार्थी र ७ जना अभिभावकहरू रहेका छन् । त्यसै गरी १९ जना अर्थात ६७.३५ प्रतिशतले घरको सरसफाइगर्ने काम लगाउने गरेको जानकारी पाएको वताए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ४ जना शिक्षक, ६ जना विद्यार्थी र ७ जना अभिभावकहरू रहेका छन् । बालबालिका हेर्ने कार्यमा बालबालिकाहरूको नै प्रयोग गर्ने गरेको पाइयो । यसरी बालबालिका हेर्ने काम लगाउने गरेको जानकारी उत्तरदाताहरू मध्ये २० जना अर्थात ७४.१० प्रतिशतले दिए । त्यसरी उत्तर दिनेहरूमा १ जना प्र.अ., ५ जना शिक्षक, ८ जना विद्यार्थी र ६ जना अभिभावकहरू रहेका छन् । घरेलु काममा संलग्न भएका बालबालिकाहरूले लुगाधुने काम समेत गर्ने गरेको उत्तरदाताहरू मध्ये ५५.५५ प्रतिशतले वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ४ जना शिक्षक, ४ जना विद्यार्थी र ५ जना अभिभावकहरू गरी जम्मा १५ जना रहेका छन् । यसका अतिरिक्त अन्य घर भित्र र वाहिर गर्ने कामहरूमा पनि बालबालिकाहरूलाई सामेल गराउने गरेको जानकारी उत्तरदाताहरू मध्ये ६७.३५ प्रतिशतले दिए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ५ जना शिक्षक, ६ जना विद्यार्थी र ६ जना अभिभावकहरू गरी जम्मा १९ जना रहेका छन् ।

आफ्नै घरमा वावुआमासँग वसेका बालबालिकाहरू घरको सामान्य काम गरेपनि विद्यालय गइरहेका पाइयो । अर्काको घरमा कामपनि गर्ने र पठनपाठनको व्यवस्था पनि मिलाउने भनी वसेका बालबालिकाहरू भने केही समय विद्यालय जाने र पछि जान छोडेको पाइयो । अर्काको घरमा कामगर्न वसेका बाल बालीकाहरुलाइ सुरुसुरुका दिनमा कम काम लगाउने अनी केहीसमय पछीदेखी कामको बोझ बढाउने गरेको पाइयो । अर्काको घरमा कामगर्न वसेकी एक वालिकाले वताए अनुसार मालिकले विहान र वेलुका गर्ने काम तोकिदिएका हुन्छन् ती काम अनिवार्य रुपमा गर्नुपर्छ । तोकिएका काम गर्दागर्दै विद्यालय जानेवेला हुन्छ, काम नसकी विद्यालय गएमा फर्किए पछि गाली खानुपर्छ त्यसैले उनी विद्यालय जान छोडेर घरको काम मात्रै गर्ने गर्छिन् ।

### घ. होटल मजदुर

होटलमा मजदुरका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुझ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

**तालिका ७: होटल मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण**

| क.स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | भाँडा माझ्ने | ३ | ६ | ९ | ९ | २७ | १००.०० |
| २ | खाना बनाउने | १ | ४ | ६ | ५ | १६ | ५९.२५ |
| ३ | चिया नास्ता वितरण गर्ने | ३ | ५ | ९ | ८ | २५ | ९२.५९ |
| ४ | सरसफाई गर्ने | ३ | ६ | ७ | ६ | २२ | ८१.४८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

उत्तरदाताहरू मध्ये अधिकांशले होटलमा काम गर्ने बालबालिकाहरूले होटलमा खाना पकाएका तथा ग्राहकहरूले खाएका जुठा भाँडाहरू माझ्ने गरेको वताएका छन् । यसरी सो कुरा वताउने उत्तरदाताहरूको संख्या २७ जना अर्थात सतप्रतिशत रहेको छ । जसमा ३ जना प्र.अ., ६ जना शिक्षक, ९ जना विद्यर्थी र सोही संख्यामा अभिभावकहरू रहेका छन् । त्यसैगरी १६ जना अथात ५९.२५ प्रतिशत उत्तरदाताहरूले बालबालिकाहरूलाई खाना बनाउने काममा समेत लगाउने गरेको वताएका छन् । सो उत्तर दिनेहरूमा १ जना प्र.अ, ४ जना शिक्षक, ६ जना विद्यार्थी तथा ५ जना अभिभावकहरू रहेका छन् । खाना बनाउने काम अन्तर्गत अन्य ठूला कामदारहरूलाई सघाउने काम गर्ने गरेको जानकारी पाइएको छ । होटलमा आएका ग्राहकहरूलाई चियानास्ता तथा पानी वितरण गर्ने काममा साना बालबालिकाहरूको प्रयोग भएको उत्तरदाताहरू मध्ये ९२.५९ प्रतिशत अर्थात २५ जनाले वताएका छन् । तिनीहरूमा ३ जना प्र.अ., ५ जना शिक्षक, ९ जना विद्यर्थी र ८ अभिभावकहरू रहेका छन् । खाना खाईसकेपछि सरसफाई गर्ने कार्यमा होटलमा काम गर्ने बालबालिकाहरूलाई प्रयोग गर्ने गरिएको जानकारी २२ जना अथात ८१.४८ प्रतिशत उत्तरदाताहरूबाट प्राप्त भयो । जसमा ३ जना

प्र.अ., ६ जना शिक्षक, ७ जना विद्यर्थी र ६ अभिभावकहरू गरी जम्मा २२ जना रहेका छन् । यस्ता कार्यले बालबालिकाहरूको शारीरिक विकासमा समेत असर पर्ने गरेको पाइएको छ ।

न्यूनतम पारिश्रमिक र खाने वस्ने सुविधा दिएर होटलमा बालबालिकाहरूलाई काम लगाउने र बालबालिकाहरूको श्रमशोषण गर्ने गरेको पाइयो । स्थानीय एउटा चिया पसलमा काम गर्दै गरेको वालकसँग यो अनुसन्धानकर्ता आफैंले कुरा गर्ने अवसर प्राप्त गरेको थियो । त्यस होटलमा काम गरिरहेको वालक आफ्नो घरको आर्थीक अवस्था कम्जोर रहेको अनी बुबाभने चौबीस घण्टा जड रक्सी खाएर घरका अन्य सदस्य संग झगडामात्र गरीरहने उसलाइ पनी पीटीरहने भएकाले घरबाट भागेर हिडेको र त्यस होटलमा जुठाभाँडा सफागर्ने, पानी, चिया दिने लगायत काम गर्दो रहेछ । उसले जम्मा चार कक्षा सम्ममात्र पढेको वतायो । यसरी उसको भनाइमा घरबाट भागेपछि फेरी घर फर्कन घरको बातावरण राम्रो नरहेको र राम्ररी पालनपोषण गर्ने स्थीतिपनि प्राप्त नहुने भएकाले विभिन्न होटल तथा पसलहरूमा काम गर्ने र जीवन वचाउने गरेको पाइयो । यसरी वाच्न नै कठिन परिरहेको अवस्थामा शिक्षा आर्जन गर्ने कुरा टाढा कै कुरा हुनेगरेको पाइयो ।

## ग.यातायात मजदुर

यातायात मजदुरका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुझ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

**तालिका ८ : यातायात मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण**

| क्र.स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | पैसा उठाउने | ० | १ | २ | २ | ५ | १८.५१ |
| २ | गडी चलाउने | ० | ० | १ | १ | २ | ७.४० |
| ३ | ढोकामा बसेर सीट्ठि बजाउने | ३ | ६ | ९ | ९ | २७ | १००.०० |
| ४ | गडी सफाई गर्ने | ३ | ६ | ९ | ९ | २७ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

उत्तरदाताहरू मध्ये अधिकांशले यातायातका क्षेत्रमा काम गर्ने बालबालिकाहरूले गाडीको ढोकामा बसेर सीट्ठि बजाउने, यात्रुहरुलाइ चढाउने र उतार्ने तथा गाडी बडार्ने र धुने जस्ता कामहरु गर्ने गरेको वताएका छन् । यसरी सो कुरा वताउने उत्तरदाताहरूको संख्या २७ जना अर्थात सतप्रतिशत रहेको छ । त्यसैगरी ५ जना अंथात १८.५१ प्रतिशत उत्तरदाताहरूले बालबालिकाहरूलाई यात्रु बाट पैसा उठाउने काममा समेत लगाउने गरेको वताएका छन् । सो उत्तर दिनेहरूमा १ जना शिक्षक, २ जना विद्यार्थी तथा २ जना अभिभावकहरू रहेका छन् । त्यसैगरी २ जना अंथात ७.४० प्रतिशत उत्तरदाताहरूले बालबालिकाहरूलाई गडी चलाउने काममा समेत लगाउने गरेको वताएका छन् । सो उत्तर दिनेहरूमा १ जना विद्यार्थी र १ जना अभिभावक रहेका छन् । यसरी यातायातका क्षेत्रम बाल मजदुरीको प्रयोग गर्दा मजदुरीको प्रयोग गरीएका बालबालीका साथै यातायातका सधनमा यत्रागरीरहेका यत्रुसमेत जोखीमपुर्ण अवस्थामा रहेको देखीन्छ ।

यसरी बालबालिकाहरू बालश्रम गर्न वाध्य भएको पाइयो । विभिन्न सवारी साधनमा खलासी काम गर्ने, ग्यारेजमा काम गर्ने विभिन्न पसलहरूमा काम गर्ने बालबालिकाहरू पनि प्रसस्तै पाइन्छन् । बिगत दुई वर्ष देखि माइक्रो बसमा खलासी गर्ने १२ वर्षको एक वालकलाई किन यस गाडिमा काम गरेको भनेर जानकारी माग्दा उसले जानकारी दियो गाडिमा काम गर्दा मजा आउँछ, विभिन्न ठाउमा घुम्न, साथै बिभिन्न प्रकारका खानेकुराहरु पनी खान पाइन्छ। घरमा वस्दा घरको काम गर्नुपर्ने र विद्यालय पनि रमाइलो नहुने वरु सरहरूको कुटाइमात्रै खाइन्छ, त्यसैले घर छोडेर यो गाडिमा खलासी गर्न आएको हो उसले पछि गाडि कुदाउन सिकेर ड्राइभर हुने धारणा व्यक्त गऱ्यो । यस्तै कतीपय बालबलीकाहरु पत्रपत्रीका घरघरमा वितरण गर्न कार्यमा समलग्न रहेको पनी पाइन्छ ।

### ङ.कारखाना मजदुर

कारखाना मजदुरका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुभ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

## तालिका ९ : कारखाना मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण

| क्र.स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | ग्रील कारखाना | १ | २ | ४ | ५ | १२ | ४४.४४ |
| २ | गडी बनाउने कारखाना | २ | ४ | ५ | ४ | १५ | ५५.५५ |
| ३ | इटा कारखाना | १ | ४ | ८ | ७ | २० | ७४.०० |
| ४ | अन्य कारखाना | ३ | ३ | ६ | ५ | १७ | ६३.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

उत्तरदाताहरू मध्ये धेरैजसोले कारखानामा काम गर्ने बालबालिकाहरूले ग्रील कारखानामा सहयोगीका रुपमा काम गर्ने गरेको, इटा कारखानामा इटा बनाउने काम गर्ने गरेको , गडी बनाउने कारखानामा काम गर्ने गरेकोर अन्य स साना उधोग तथा कारखानाहरु जस्तै थुक्पा बनाउने, बिस्कुट बनाउने चिप्स तथा भुजिया बनाउने जस्ता कारखानाहरुमा कामहरु गर्ने गरेको वताएका छन् । यसरी ग्रील कारखानामा सहयोगीका रुपमा काम गर्ने गरेका कुरा वताउने उत्तरदाताहरूको संख्या १२ जना अर्थात ४४.४४ प्रतिशत रहेको छ । त्यसैगरी इटा कारखानामा इटा बनाउने काम गर्ने गरेका बताउने उतरदाताको संख्या १५जना अंथात ५५.५५ प्रतिशत रहेको छ । त्यसैगरी २० जना अंथात ७४.०० प्रतिशत उत्तरदाताहरूले बालबालिकाहरूलाई गडी बनाउने कारखानामा काम लगाउने गरेको वताएका छन् ।

बालबालिकाहरूले आफनो शारीरिक र मानसिक विकासमा असर नपर्ने गरी सामान्य खालका घरायसी काम गर्नु सामान्य रुपमा लिएको पाइन्छ । बालबालिकाहरूको वृद्धि र विकासमा नै असर पर्नेगरी आफ्नै घरमा वा अरुको घरमा पनि काम गरिरहेको अवस्था पाइयो । यसका अतिरिक्त अन्य क्षेत्रहरूमा पनि श्रमिकको रुपमा बालबालिकाहरूले काम गरिरहेको पाइयो । खासगरी बालश्रमका क्षेत्रहरूमा, कृषि श्रमिक, घरेलु श्रमिक, होटल र यातायात मजदुर, कारखाना मजदुर पत्रपत्रीका वितरण तथा बेचविखन् गर्ने मजदुरका रुपमा काम गर्ने गरेको पाइयो ।

△ बाल मजदुरी गर्ने विद्यार्थीहरुको शिक्षाको स्तरका बारेमा माथी सिद्धान्तहरुको आधारमा अधिकांश विद्यार्थीहरु घरायसी काममा संलग्न रहेको पाइयो भने सम्बन्धित साहित्यहरुको आधारमा बाल मजदुर विद्यार्थीहरुको पढ्ने समय अभावको कारण सिकाईको अवस्थाक कमजोर रहेको पाइयो तसर्थ यस अध्ययनबाट बाल मजदुर गर्ने माध्यमिक तहका विद्यार्थीहरु कृषि श्रमिक, घरेलु तथा होटल श्रमिककोरुपमा अधिक रहेको पाइयो ।

## ४.२. बालबालिकाहरूले बालमजदुरी गर्नाका कारणहरू

कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू मध्ये आधा भन्दा कमले मात्र प्राथमिक तहपूरा गर्दछन् । यसरी प्राथमिक तथा माध्यमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरूको संख्या अझपनि पूर्णरुपमा घट्न सकेको छैन । बालबालिकाहरूले विद्यालय छोडेर बाल मजदुरी गर्नाका कारणहरूकाबारेमा शिक्षक, अभिभावक, प्रधानाध्यापक र बालबालिकाहरूसँग छलफल, अन्तर्वार्ता तथा विभिन्न सूचनाहरूको आधारमा निम्नानुसारका कारणहरू रहेको पाइयो । ती कारणहरूलाई निम्न लिखित तालिकामा उल्लेख गरी व्याख्या गरिएको छ ।

**तालिका १० : बालबालिकाहरूले बालमजदुरी गर्नाका कारणहरू**

| क्र. सं. | बालमजदुरी गर्नाका कारणहरू | उत्तरदातहरू (२७ जना मध्ये) | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ | शिक्षक | अभिभावक | विद्यार्थी | | |
| १ | अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक नहुनु | २ | ४ | ४ | ७ | १७ | ६२.६९ |
| २ | परिवारको आकार ठूलो हुनु | १ | ३ | ४ | ३ | ११ | ४०.७४ |
| ३ | परिवारका रदस्यहरुमा स्वास्थ्य समस्या | २ | ४ | ५ | ५ | १६ | ५९.२५ |
| ४ | कमजोर आर्थिक अवस्था | २ | ४ | ५ | ९ | २० | ७४.०० |
| ५ | निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गरिनु | ३ | ६ | २ | ७ | १८ | ६६.६६ |
| ६ | शिक्षक तथा बिद्यर्थीहरुको भेदभावपूर्ण व्यवहार | १ | २ | ५ | ६ | १४ | ५१.८५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयको वातावरण वालमैत्री नहुनु | १ | २ | ७ | ७ | १७ | ६२.९६ |
| ८ | कक्षामा अनुत्तीर्ण हुनु | २ | ४ | ६ | ८ | २० | ७४.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

## ४.२.१ अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक नहुनु

केही अभिभावकहरूको शिक्षाप्रतिको दृष्टिकोण नकारात्मक पाइयो । आफूले नपढेपनि जीवन चलेकै छ भन्ने धारणा उनीहरूमा पाइयो । उनीहरूको ध्यान पढेका मानिसहरूमा भन्दा नपढेका मानिसहरूमा बढी गएको पाइयो । यसै प्रसङ्गमा एक जना अभिभावकले नपढेपनि राम्रै पैसा कमाएका एक व्यक्तिको नामै लिएर उदाहरण दिदै भने उसले जम्मा पाँच कक्षा पढेर छाडेको हो र पनि राम्रैगरी पैसा कमाएको छ । त्यस्ता अभिभावकहरूले पढ्नुको मुख्य अभिप्राय पैसा कमाउनु मात्र हो । पैसालाई मात्र सबैकुरा ठान्ने प्रवृत्तिले गर्दा कतिपयले आफ्ना छोराछोरीलाई विद्यालय पठाउनुको सट्टा अन्यकाममा लगाउने गरेको पाइयो । यसरी पढाइमा अभिभावकले कम महत्व दिएकै कारण कतिपय बालबालिकाहरू विद्यालय जान छोडेको पाइयो । बालबालिकाहरूले विद्यालय छोडी बालमजदुरी गर्नाको कारणहरूका बारेमा उत्तरदाताहरू मध्ये १७ जना अर्थात ६२.६९ प्रतिशतले अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक नभएको वताएका छन् । त्यसरी उत्तर दिनेहरूले भन्दा छरछीमेकको उद्याहरण दीदै बिए एम. ए पास गरेर पनी बेरोजगार बस्नुपरेको र २-४ कक्षा पढेकाले पनी बीदेस गएर राम्रो कमाइ गरी सुख सयल गरी बसेका जस्ता कुराहरु गर्ने गरेको बताए यसरी जवाफ दीने हरुमा २ जना प्र.अ., ४ जना शिक्षक, ४ जना अभिभावक र ७ जना विद्यार्थी रहेका छन् ।

## ४.२.२ परिवारको आकार ठूलो हुनु

त्यसैगरी परिवारको आकार ठूलो भएका कारण सबै बालबालिकाहरूलाई अध्ययनका निम्ति परिवारको आकार ठूलो भएका परिवारका बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई जारी राख्न नपाएको अवस्था पाइयो । परिवारको आकार ठूलो भएपछि खर्च बढीहुने, काम ज्यादा गर्नुपर्ने भएकाले सबै बालबालिकाले शिक्षा लिन नपाउने अवस्था छ । प्रायजसो कम शिक्षित अभिभावकहरूको परिवार संख्या ठूलो हुने साथै उनीहरूको आयआर्जनको बाटोपनि सहज नहुने भएकाले आफ्ना छोराछोरीलाई घरमा नै काम लगाउने गरेको पाइयो । एक जना अभिभावकले दिएको जानकारी अनुसार परिवारको संख्या धेरै भएपछि खानेकुरा, लुगाफाटोमा नै धेरै खर्च हुन्छ

त्यसैले सक्ने जति सबैले काम नगरी खानै पुग्दैन । ठूलो परिवारमा आधारभूत आवश्यकताका वस्तुहरू धेरै चाहिने भएकाले एक-दुई जनाले मात्र काम गरेर पुग्दैन आ-आफ्नो क्षमता अनुसारको काम सबैले गर्नुपर्छ ।

परिवारको आकार ठुलो भएर खर्च जुटाउन नसकेका कारण कैयौ बालबालिकाहरूले विद्यालय छोडेको वताउने उत्तरदाताहरूको संख्या ४०.७४ प्रतिशत रहेको छ । त्यसरी उत्तर दिनेहरूमा १जना प्र.अ., ३ जना शिक्षक, ४ जना अभिभावक र ३ जना विद्यार्थी गरी जम्मा ११ जना रहेका छन् ।

## ४.२.३ बालबालीका तथा परिवारका रदस्यहरुमा स्वास्थ्य समस्या भएर

बालबालिकाहरू स्वास्थ्य समस्याका कारण पनि विद्यालय शिक्षाबाट वञ्चित हुनेगरेको पाइयो । ग्रामिण क्षेत्रका बालबालिकाहरूको स्वास्थ्यमा खासै ध्यान दिएको पाइदैन । सामान्य प्रकारका रोग लागेमा तुरुन्तै ओषधि उपचार गर्ने चलन कमै मात्र पाइन्छ । फलस्वरुप बालबालिकाहरूमा गम्भिर स्वास्थ्य समस्या देखापर्ने गर्छ । जसका कारण विद्यार्थीहरू विद्यालय जान छोड्छन् । अभिभावकहरूको स्वास्थ्य समस्याका कारणपनि विद्यार्थीहरूले आफ्नो पढाइलाई निरन्तरता दिन नसकेको अवस्था भेटियो । कतिपय अभिभावकहरूमा दीर्घरोग रहेको र उनीहरूले कामपनि गर्न नसक्ने अवस्था रहेको पाइयो । यसरी अभिभावकहरूले कामपनि गर्न नसकेपछि बालबालिकाहरूले घरको सबैकाम गर्नुपर्ने साथै आफ्ना वावुआमाको उपचारका लागी खर्च समेत आफैंले काम गरेर जुटाउनुपर्ने भएकाले विद्यालय जाने फुर्सद नभएको वताए । बालबालिकाहरू वारम्वार विरामीहुने, कतिपय बालबालिकाहरूमा दीर्घरोग लागेका कारण विद्यालय छोड्ने गरेको पाइयो । त्यसैगरी वावुआमाको स्वास्थ्य समस्याले समेत बालबालिकाहरूले विद्यालय शिक्षालाई निरन्तरता दिन नपाएको अवस्था छ ।

बालबालिका तथा तिनका अभिभावकहरूको स्वास्थ्य अवस्था कमजोर भएका कारण बालबालिकाहरूले विद्यालय छोड्ने गरेको प्रतिक्रिया उत्तरदाताहरू मध्ये ५९.२५ प्रतिशतले व्यक्त गरेका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ४ जना शिक्षक, ५ जना अभिभावक र ५ जना विद्यार्थी गरी जम्मा १६ जना रहेका छन् ।

### ४.२.४ कमजोर आर्थिक अवस्था भएर

परिवारको आर्थिक अवस्था कमजोर भएका कारण धेरैजसो केटाकटीलाई स्कूले लुगा, कापी कलम सबैथोक किन्ने पैसा जुटाउन समस्या हुने गरेको छ । अभिभावकमा नियमित आयआर्जनको बाटो नभएमा बालबालिकाहरूलाई विद्यालय शिक्षामा निरन्तरता दिन कठिन पर्ने प्रष्ट देखिन्छ । मास्लोको आवस्यकताको सीद्यान्त अनुसार गाँस, वास, कापास पछि मात्र शिक्षा पर्ने भएकाले गाँस र वासको अभाव हुदाहुदै शिक्षाले प्राथमिकता पाउने कमै सम्भावना देखिन्छ । सरकारले विद्यालय तहको शिक्षा निशुल्क गरेको छ । विद्यालयमा भर्ना शुल्क, मासिक शुल्क लगायतका शुल्कहरू तिर्नु पर्दैन । त्यस्तो सरकारी नीति हुदाहुदैपनि केही बालबालिकाहररु विद्यालय शिक्षाबाट वञ्चित भएको, माध्यमिक तह पूरा नगर्दै विद्यालय छोडेर बालमजदुरी गर्ने गरेको अवस्था छ ।

परिवारको  आर्थिक अवस्था कमजोर भएका कारण धेरै बालबालिकाहरूले विद्यालय शिक्षाबाट वञ्चित हुनु परेको कुरा ७४.०० प्रतिशत उत्तरदाताहरूले वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ४ जना शिक्षक, ५ जना अभिभावक  र ९ जना विद्यार्थी गरी जम्मा २० जना रहेका छन् ।

### ४.२.५ निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गरिनु

विशेषगरी कृषि क्षेत्रमा बढी जनशक्तिको आवश्यकता पर्दछ । ग्रामिण क्षेत्रका अधिकांश मानिसहरूको मुख्य पेशा कृषि नै रहेको पाइन्छ । अन्य कामदार लगाएर खेतीपातीको कामगर्दा बढी खर्चिलो पर्ने हुदा आफ्नै छोराछोरीलाई निशुल्क श्रमिकको रुपमा काममा लगाउने गरेको पाइन्छ । धान रोप्ने र धान काट्ने समयमा त आधा विद्यार्थीपनि विद्यालय नआउने गरेको जानकारी पाइयो । त्यसैले उनीहरूको पढाइमा पनि बाधा नपरोस् र घरको मुख्य कृषिको काम पनि भ्याउन् भनेर वर्षे विदा धान रोप्ने वेलामा दिने र दशैं र तिहारको वीचमा पनि विदा दिने गरेको पाइयो ।

आफ्ना छोराछोरीहरूलाई काममा लगाउदा उनीहरूलाई शुल्क तिर्नु नपर्ने भएका कारणपनि कैयो अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई श्रमिकलाइ झैं काम लगाउने गरेको र त्यसरी काम गर्नुपरेपछि बालबालिकाहरू दिनभरीको कामको थकानले गर्दा शिक्षकले दिएको गृहकार्य गर्न तथा अन्य पाठ नपाएपछी  विद्यालयमा गएर दण्डीत हुनु भन्द बिद्यलय

जान छोडेर बालश्रमीककाने रुपमा कामनै गर्ने गरेको प्रतिक्रियो उत्तरदाताहरू मध्ये ६६.६६ प्रतिशतले दिएका छन्। तिनीहरूमा ३ जना प्र.अ., ६ जना शिक्षक, २ जना अभिभावक र ७ जना विद्यार्थी गरी जम्मा १८ जना रहेका छन्।

## ४.२.६ शिक्षक तथा बिद्याथीर्हरुको भेदभावपूर्ण व्यवहार

विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई समान व्यवहार गर्नुपर्छ। विद्यालयमा जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव, नजिक र टाढाको आधारमा भेदभाव गर्नु हुदैन। तर केही विद्यार्थी तथा अभिभावकहरूले भने केही शिक्षकहरूले विद्याथीसँग भेदभावपूर्ण व्यवहार गर्ने गरेको गुनासो गरे त्यस्तै बिद्यार्थी बिद्यार्थी बिचमा पनी जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव तथा जात पातका आधारमा भेदभावपूर्ण व्यवहार हुने कारणले गर्दा अःनो अत्मासम्मानमा अच अएपछी बालबालीकाहरु बिद्यालय जन छोडी बालमजदुरीमा लाग्ने गरेको पाइयो ।

त्यसैगरी विद्यालयमा हुने गरेको भेदभाव पूर्ण व्यवहारमा ३७.०० प्रतिशत अर्थात १० उत्तरदाताहरू रहेका छन्। त्यसरी उत्तर दिनेहरूमा २ जना शिक्षक, ५ जना अभिभावक र ३ जना विद्यार्थी गरी रहेका छन्।

## ४.२.७ विद्यालयको वातावरण वालमैत्री नहुनु

वालवालिकाहरू विद्यालय जान आफैं उत्प्रेरित हुनु आवश्यक छ। बालबालिकाहरूलाई विद्यालय जाउँजाउँ लाग्ने वातावरण सृजना गर्नुपर्छ। बालबालिकाहरू र शिक्षकशिक्षिकाहरू वीच सुमधुर सम्वन्ध हुनपर्छ। तर सबै शिक्षक तथा विद्यार्थीहरू वीच सुमधुर सम्वन्ध नरहेको अवस्था पाइयो। केही शिक्षकहरूसँग बालबालिकाहरू वोल्न समेत डराउने गरेको जानकारी पाइयो। केही शिक्षकहरूसँग भने आफ्ना समस्याहरू वताउने गरेको पनि अनुसन्धानको क्रममा पाइयो।

विद्यालयको वातावरण वालमैत्रीपूर्ण नभएका कारणवारे १७.०० प्रतिशत र्अथात १७ जनाले र कक्षामा अनुत्तीर्ण भएकाले विद्यालय छोड्ने गरेको प्रतिक्रिया ७४.०० प्रतिशत र्अथात २० जनाले दिएका छन्।

## ४.२.८ कक्षामा अनुत्तीर्ण हुनु

कक्षा दोहोऱ्याउने कार्यलाई शैक्षिक क्षतिको रुपमा लिइन्छ । अधिकाशं बालबालिकाहरू कक्षा उत्तीर्ण हुने गरेपनि केही बालबालिकाहरू भने अनुत्तीर्ण हुने गरेको पाइयो । यसरी अनुत्तीर्ण हुनेहरू मध्ये अधिकांशले विद्यालय छोड्ने गरेको जानकारी शिक्षकहरूले दिए । विद्यार्थी अनुत्तीर्ण हुने धेरै कारणहरू रहेको जानकारी प्राप्त भयो । विद्यालय नियमित नजानु, बालबालिकाहरूको स्वास्थ्य कमजोर हुनु र वारम्वार विरामी हुनु, पढाइ प्रति ध्यान नदिनु, मूल्याङ्कन गर्ने तरिकामा कमजोरी, घरायसी कामको वोझ वालमैत्री वातावरणको अभाव अदि कारणहरूले गर्दा विद्यार्थीहरू अनुतीर्ण हुने गरेको पाइयो ।

सबै विद्यालय उमेरका बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन पाउनु पर्छ । उनीहरूलाई सरोकारवाला सबै पक्षले उपयुक्त वातावरणको व्यवस्था गरिदिनु पर्छ । विगत तीनवर्षको माध्यमिक तहमा विद्यालय छोड्ने दर हेर्दा बालबालिकाको विद्यालय छोडाइले शिक्षामा राज्यले गरेको लगानी पूर्ण रुपमा सदुपयोग नभएको जस्तो लाग्छ । बालबालिकाहरूले विद्यालय छोड्ने धेरै कारणहरू पाइयो । विद्यालय छोडेका मध्ये धेरैजसो  बालबालिकाहरूले पारिवारको आकार ठुलो हुनु, पारिवारको आर्थीक अवस्था कनजोर हुनु, पारिवारका अन्य सदस्य अशिक्षित  हुनु अदि जस्ता कारणहरुले गर्दा विद्यालय छोडेर बालमजदुरी गर्ने गरेको पाइयो ।

मास्लोले भनेझैं मानिसले न्यूनतम् आधारभूत आवश्यकताहरूको परिपूर्ती भएपछि मात्र त्यसभन्दा माथिका आवश्यकताको खोजी गर्नेगर्छ । जवसम्म मानिसलाई खाने लगाउने कुरा नै कसरी जुटाउने भन्ने समस्या परिरहन्छ तवसम्म शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता कुराहरूको खोजी नै गर्ने मौकानै पउदैन । अधिकाशं मानिसहरूको पेशा कृषि भएकाले बालबालिकाहरू लाई खेतवारीमा काम लगाउने, खेती नभएका अभिभावकहरू ज्याला मजदुरी गर्न जाने र उनीहरूका छोराछोरीले वाखापाठा र भाइवहिनीहरू हेर्ने काम गर्दै गुजारा चलाइरहेको  पाइन्छ । यस्तो परिवारमा बालबालिकाहरूलाई विद्यालय पठाउँदा आफूले घरको काममा लाग्नुपर्ने र ज्याला मजदुरी गर्नेकाममा बाधा पर्ने हुन्छ । फलस्वरुप खान लगाउन नै समस्या पर्ने भएकाले बालबालिकाहरू विद्यालय नै नजाने र गएपनि बालमजदुरी गर्नु परेकाले यसले निरन्तरता नपाउने गरेको छ । त्यसैले यहाँ प्रयोग गरिएको सिद्धान्त र अनुसन्धानको प्राप्ति वीचमा मेल खाएको देखिन्छ ।

माथी उल्लेखित सिद्धान्तहरुको आधारमा कमजोर आर्थीक अवस्थाको कारण विद्यालय छाड्ने बालबलिकाहरु बालमजदुर हुन पुग्दछन् भने विभिन्न सम्बन्धित साहित्यहरुको आधारमा विद्यालय छोडेर बालमजदुरी गर्नाका कारणहरु पारिवारीक वातावरण राम्रो नहनु, खराब साथीसँगत हुनु, विद्यालयमा प्रभावकारी शिक्षण नहुनु  बिद्यार्थीको अर्थीक अवस्था कमजोर हुनु भेदभावपुर्ण व्यबाहार हुनु, विद्यालयको वातावरण वालमैत्री नहुनु, बारम्बार एउटै कक्षामा पढाइ दोहोर्‍याउनु रहेका छन् । यस अध्ययनबाट पनी विद्यालय छोडेर बालमजदुरी गर्नाका कारणहरु परिवारको कम्जोर आर्थिक अवस्था नै प्रमुख कारण रहेको पाइयो ।

## ४.३  बालमजदुर विद्यार्थीले भोग्नुपरेका कठिनाइहरु

छनौटमा परेकाहरूले विद्यालयमा भेदभाव हुने गरेको र सोही भेदभावपूर्ण व्यवहारले बालबालिकाहरू विद्यालय छोडेर बालश्रममा संलग्न हुने गरेको कुरा विद्यार्थीले भोगेको समस्याकोरुपमा देखिएको छ । विद्यार्थी बिद्यर्थीहरू वीचमा हुने भेदभावहरूको अन्त्य गर्ने कार्यमा शिक्षकहरूको प्रमुख भूमिका हुन्छ । छलफलका क्रममा केही शिक्षकहरूले गृहकार्य नगरेको अवस्थामा गृहकार्य गर्न हौसला दिनको सट्टा भौतिक तथा मानसीक रुपमा दण्ड दिने गरेको जानकारी पाइएको थियो । लैङ्गिक,बर्ग र आर्थिकरुपमा विद्यार्थी विद्यार्थी वीचमा हुनेगरेका भेदभावपूर्ण व्यवहारहरू पनि समस्यकोरुमा देखिएको छ । विद्यालयमा हुने गरेको बर्गिय विभेदले विद्यार्थीहरुको मानसिकतामा असर पर्ने गरेको कारणले उनिहरुमा पढाईप्रती नकारात्मक धारणको विकास भएको देखियो । मालिकको #रमा तथा अफ्नै #रमा तोकिएको समयभन्दा अत्याधिक समय श्रम गर्नुपर्ने बाध्यता पनि उत्तिकै टड्कारो रुपमा रहेको देखियो । जसको कारण पढाईमा समय दिन नसकी गृहकार्य पनि पटक्कै गर्न नपाएको गुनासो बालमजदुर विद्यार्थीहरुबाट सुन्न पाइयो । जसका कारण शिक्षकबाट शारीरिक यातना समेत खेप्नुपरेको तितो सत्य बुझियो । एकातिर मालिकको घरेलु हिंशाका शिकार बन्नु पर्ने र अर्कातिर विद्यालयमा शिक्षकको सजाय पनि खेप्नुपर्ने साथै साथीहरुबाट अपहेलीत हुने बाध्यता बालमजदुरी गर्ने विद्यार्थीहरुको देखियो । गरिबीकै कारण बालश्रमको चपेटामा परेका मजदुर विद्यार्थीहरुका अभिभावकहरुमा पनि चेतनाको कमि भएकोले सहि मार्गदर्शको अभाव पाइयो । बालश्रमविरुद्धका ऐन कानुनहरु कार्यान्वयन हुन नसकेकाले बालश्रम शोषणमा परेका वालवालिकाहरु यस्ता कठिनाईको शिकार भएको पाइयो ।

### तालिका ११ : बालमजदुर विद्यार्थीले भोग्नुपरेका कठिनाइहरु

| क.सं. | कठिनाइहरु | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अधिक समय श्रम गर्ने | २ | २२.२ |
| २ | भैतिक तथा मानसिक यातना सहनुपर्ने | १ | ११.१ |
| ३ | घरेलु हिंसा | १ | ११.१ |
| ४ | बर्गिय  विभेद | २ | २२.२ |
| ५ | संरक्षकत्वको अभाव | ३ | ३३.४ |
| जम्मा | | ९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

### ४.३.१ अधिक समय श्रम गर्ने

जुनसुकै निर्जिब साधनलाइ केही घण्टा प्रयोग लगाएपछी आरामको जरुरत पर्दछ भने सजिब प्राणीलाइ पनी आरामकने खाचो पर्दछ । त्यसमा पनी बालबालीकाहरुलाई झनधेरै आरामको खाचो पर्दछ । बालबालीकाहरुलाई पढने काम गर्दा पनी केही समय पढीसकेपछी आरामको जरुरत पर्दछ तर बलमजदुरी गर्ने बालबालीकाहरुले त अर्काको घरमा वा अफ्नै घरमा अधिक समय घरायसी काम गरीसकेपछी मात्र आरा मगर्ने समयमा लेखने पढने काम गर्नुपर्ने भएकाले पढाइ सुचारु रपले अगाडी बढाउन कठिनाइ भएको अवस्था देखीन्छ ।

### ४.३.२ भैतिक तथा मानसिक यातना सहनुपर्ने

मानीसलाइ जस्तोसुकै कार्य सफलता पुर्बक सम्पन्न गर्नका लागी सान्त तथा तनाबरहीत वातावरणको आवस्यकता पर्दछ यदी भयभित तथा तनाव पुर्ण वातावरणमा बसेर मानिसले कुनै कार्यगर्न सक्दैन त्यसमा पनी बालबालीकाहरुको कलीलो दीमागले यस्ता कुरालाइ पटकै सहन गर्दैन । बालबालीकाले मजदुरीकोरपमा काम गर्नु परेकाल शिक्षकलाई पाठ बुझाउन नसकेर यातना भोगाईका कारणले पठन पाठनमा कठिनाई भएको छ ।

### ४.३.३ घरेलु हिंसा

बालबालीकाहरु आफ्नो घरको आर्थीक अवस्था कमजोर भएका कारण साहु माहाजनका घरमा बालमजदुरीका रुपमा बस्नु बध्यात्मक अवस्था हो । यसरी बसेका बालबालीकाहरुलाई सुरुमा केही समय मात्र आफ्नो घरको काम गर्न लगाएर बिद्यालय पठाउने घरमा पनी पढने

वतावरण प्रसस्तै उपलब्ध गराउने भनी राख्ने गरे पनी पछी गएर बालबालीकाको क्षमता भन्दा बढी घरको काममा मात्र लगाउने त्यस्ता काम समयमा नसिद्याए कुटपीट गर्ने तथा यौन जन्य काममा समेत प्रयोग गर्ने जस्ता कुरा भग्नु परेको अवस्था भेटीयो ।

### ४.३.४ बर्गिय विभेद

विद्यालयमा जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव, नजिक र टाढाको आधारमा भेदभाव गर्नु हुदैन । तर केही विद्यार्थी तथा अभिभावकहरूले भने केही शिक्षकहरूले विद्याथीसँग भेदभावपूर्ण व्यवहार गर्ने गरेको गुनासो गरे त्यस्तै बिद्यार्थी बिद्यार्थी बिचमा पनी जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव तथा जात पातका आधारमा भेदभावपूर्ण व्यवहार हुने कारणले गर्दा अफ्नो अत्मासम्मानमा अच अएपनी बालबालीकाहरु बिद्यालयमा सहेर बस्नुपर्ने जस्ता भेदभावपुर्ण व्यबहार गर्ने गरेको पाइयो ।

### ४.३.५ संरक्षकत्वको अभाव

बिद्यालय जने सबै बलबालीकाहरु एकै कीसिमको वातावरण बाट आएका हुदैनन् । कतीपय बालबालीकाहरुले घरमा कुलतमा लागेका अफ्ना अबिभाबकहरु बट पनी कुनै संरक्षण नपाएर यातना भोग्नुपरीरहेको अवस्थामा बिद्यालयमा पनी संरक्षण नभए पछी जीवनइापनका लागी घर तथा बिद्यालय छोडी बालमजदुरी गर्नु परेको छ । एकजना बालमजदुरी गर्ने बालक संग कुरागर्ने कममा उनले भने घरको अर्थीक अवस्था पनी कमजोर छ बुवा आमा दैनीक जाँड रक्सी खाएर झगडामात्र गरीरहने भएकाले र अफुलेपनी बेला बेला कुटपीट सहनु परेकाले दिक्कलगी कक्षा ८ पढ्दापढ्दै घरछोडेर हीडीयो भने ।

माथिको तालिका अनुसार यस अध्ययनको नमूना जनसंख्यामा परेका बालमजदुरी गर्ने विद्यार्थीहरु जम्मा ९ जनामा गरिएको सर्वेक्षणमा अधिक समय श्रम गर्ने २ जना, भैतिक तथा मानसिक यातना सहनुपर्ने १ जना, घरेलु हिंसाको शिकार भएको बताउने १ जना, बर्गीय विभेद गरेको बताउने २ जना र संरक्षकत्वको अभाव भएको बताउने ३ जना पाइयो ।

मास्लोको आवश्कताको सिद्धान्त अनुसार मानिसहरु आफ्नो आधारभूत आवश्यकताहरु परिपुर्ती गर्नका लागि क्रियाशिल हुन्छन् भने झैं आफ्ना आधारभूत आवश्यकताहरुलाई पुरा गर्न पढ्ने उमेरका बालवालीकाहरु मजदुरी गर्न बाध्य छन् । मजदुरी गर्दा भोग्नुपरेका समस्याहरुले

उनीहरुको सिकाईमा कठिनाई उत्पन्न भएको पाइयो । यस्तो कठिनाई समाधान गर्नका लागि बालमजदुर विद्यार्थीहरुको आधारभूत आवश्यकतालाई परिपुर्ती गर्नुपर्ने देखिन्छ ।

## ४.४ बालमजदुर विद्यार्थीका शैक्षिक उपलब्धि वढाउने उपायहरु

माध्यमिक विद्यालय तहको शिक्षा निःशुल्क भएपनि सबै बालबालिकाहरूले शिक्षा लिन पाइरहेका छैनन् । विद्यालय भर्ना भएकाहरू सबैले राम्रोसंग शैक्षिक उपलब्धि हसील गर्न पइरहेको अवस्था छैन । विभिन्न कारणहरूले बीचैमा विद्यालय छोडिरहेको अवस्था छ । नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थीहरूसँग गरिएको छलफल, प्रश्नावलीको उत्तर, प्रत्यक्ष अवलोकन आदिका आधारमा माध्यमिक तहको विद्यालय शैक्षिक उपलब्धि राम्रो नभएका कारणहरू र शैक्षिक उपलब्धि बढाउन सुझाइएका उपायहरूलाई निम्न तालिकामा देखाई वस्तुगत ढङ्गले अध्ययन गरी विश्लेषण गरिएको छ ।

**तालिका १२ : बालमजदुर विद्यार्थीका शैक्षिक उपलब्धिको अवस्थालाई बढाउने उपायहरू**

| क्र. स. | **शैक्षिक उपलब्धि वढाउने उपायहरु** | उत्तरदाताहरू प्र.अ. ३ | शिक्षक ६ | अभिभावक ९ | जम्मा १८ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षालाई ब्यबहारीक बनाएर | ३ | ६ | ५ | १४ | ७७.७७ |
| २ | अभिभावकहरूलाई शिक्षाको महत्व वुझाएर | ३ | ६ | २ | ११ | ६१.११ |
| ३ | गरिवी न्यूनीकरण गरेर | ३ | ६ | ९ | १८ | १०० |
| ४ | छात्रवृत्तिको सदुपयोग गरेर | ३ | ६ | ४ | १३ | ७२.२२ |
| ५ | विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर | १ | ४ | ९ | १४ | ७७.७७ |
| ६ | बालबालिका सम्वन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरेर | २ | ५ | ३ | १० | ५५.५५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | शैक्षिक सामग्रीको समुचित प्रयोग गरेर | ३ | ४ | ७ | १४ | ७७.७७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

### ४.४.१ शिक्षालाई ब्यबहारीक बनाएर

हाल नेपालमा सुचारुरहेको शिक्षापद्दती ब्याबहारीक नभएर #f]sGt] k|sf/sf] dfq ePsfn] k(L;s]k%L To; lzIffnfO{ ţ?Gt Aoaxf/df k|of]udf Nofpg ;Sg] cj:yf %}g .lzIffnfO{ Aoaxf/Ls tyf hLjgpkof]uL agfpg ;s]df afnafnLsf tyf pgsf claefasx?sf] lzIff k|lt ;sf/fTds aGg hfG% जसको कारणले शैक्षिक उपलब्धिको अवस्थालाई बढाउन मदत पुग्दछ भन्ने धारणा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १४ जना रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये ३ जना प्रधानाध्यापक, ६ जना शिक्षक तथा ५जना अभिभावक गरी जम्मा १४जना अर्थात ७७.७७ प्रतिशतले सो धारणाा व्यक्त गरेको पाइयो ।

### ४.४.२ अभिभावकहरूलाई शिक्षाको महत्व वुभ्काएर

अभिभावकहरूलाई शिक्षाको महत्व वुभ्काएर हाल देखिएको बालश्रमका कारण विद्यालयमा न्युनरपमा रहेको शैक्षिक उपलब्धिको अवस्थालाई बढाउन सकिन्छ भन्ने धारणा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा ११ रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये ३ जना प्रधानाध्यापक, ६ जना शिक्षक तथा २ जना अभिभावक गरी जम्मा ११ जना अर्थात ६१.११ प्रतिशतले सो धारणाा व्यक्त गरेको पाइयो । अभिभावकहरूलाई बिभिन्न छलफल, गोष्टि तथा सेमीनारहरुका माध्यम बाट शिक्षाको महत्वका बारेमा वुभ्काउन सकेमा उनीहरुले आफ्ना बालबालीकालाई शिक्षाको आवस्यकताको महसुस गर्दछन् । यसरी शिक्षाको आवस्यकताको महसुस भएपछी अबिभाबकहरुले अफ्ना बालबालीकाहरुलई पढ्ने वातावरण दीन्छन् जसको कारणले शैक्षिक उपलब्धिको अवस्थालाई बढाउन मदत पुग्दछ ।

### ४.४.३ गरिवी न्यूनीकरण गरेर

शैक्षिक उपलब्धिको अवस्थालाई बढाउर्ने उपायहरूका बारेमा प्राप्त प्रतिक्रियाहरू मध्ये सबैभन्दा बढी १०० प्रतिशतले गरिवी न्यूनीकरण गर्नुपर्ने सुभ्काव दिएका छन् । सो प्रतिक्रिया दिनेहरूमा प्रधानाध्यापक ३ जना, शिक्षक ६ जना तथा अभिभावकहरू ९ जना गरी जम्मा १८ जना रहेको पाइयो । जब बिद्यालय जाने उमेरका बालबालीकाहरुका अबिभाबकको आर्थीक

अवस्थामा सुधार आउछ उनीहरुलाई गास, बास, कपास जस्ता आधारभुत अवस्यकताका बस्तुहरुको परीपुर्ती भएपछी स्वतरुपमा शिक्षाको आवस्यकताको महसुस हुन जन्छ । यसरी शिक्षाको आवस्यकताको महसुस भएपछी अबिभाबकहरुले अफ्ना बालबालीकाहरुलई पढ्ने वातावरण दीन्छन् जसको कारणले शैक्षिक उपलब्धिको अवस्थालाई बढाउन मदत पुग्दछ ।

### ४.४.४ छात्रवृत्तिको सदुपयोग गरेर

छात्रवृत्तिको सही सदुपयोग गरेर कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ जसका कारणले शैक्षिक उपलब्धिको अवस्थालाई बढाउन वा सुधार गर्न सकिन्छ भन्ने धारणा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १३ अर्थात ७२.२२ प्रतिशत रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये ३ जना प्रधानाध्यापक, ६ जना शिक्षक तथा ४ जना अभिभावकले सो धारणाा व्यक्त गरेको पाइयो ।

### ४.४.५ विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर

विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई समान व्यवहार गर्नुपर्छ । विद्यालयमा जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव, नजिक र टाढाको आधारमा भेदभाव गर्नु हुदैन । त्यस्तै बिद्यार्थी बिद्यार्थी बिचमा पनी जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव तथा जात पातका आधारमा भेदभावपूर्ण व्यवहार हुने कारणले गर्दा अःनो अत्मासम्मानमा अच अएपछी बालबालीकाहरु नियमित बिद्यालय जान छोड्छन् जसका कारण शैक्षिक उपलब्धिको अवस्थालाइ गिर्न पुग्दछ । विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर हाल देखिएको शैक्षिक उपलब्धिको अवस्थालाइ अवस्थालाई सुधार गर्न सकिन्छ भन्ने धारणा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १४ रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये १ जना प्रधानाध्यापक, ४ जना शिक्षक तथा ९ जना अभिभावक गरी जम्मा १४जना अर्थात ७७.७७ प्रतिशतले सो धारणा व्यक्त गरेको पाइयो ।

### ४.४.६ बालबालिका सम्वन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरेर

बालबालिका सम्वन्धी कानुनको प्रभावकारीरुपमा कार्यान्वयन गरेर हाल देखिएको शैक्षिक उपलब्धिको गिर्दो अवस्थालाई उकास्न सकिन्छ भन्ने धारणाा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १० अर्थात ५५.५५ प्रतिशत रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये २ जना प्रधानाध्यापक, ५ जना शिक्षक तथा ३ जना अभिभावकले सो धारणा व्यक्त गरेको पाइयो ।

## ४.४.७ शैक्षिक सामग्रीको समुचित प्रयोग गरेर

शैक्षिक सामग्रीका अभावमा शिक्षकलाई शिक्षण गर्न कठिन हुने ामत्र नभई बालबालीकाको लागी सिकाई रुचिकर हुदैन। उपयुक्त बिषयमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोगबाट बिषयबस्तुको धारणा स्पस्ट हुन्छ । जस्तै चित्र, चार्ट, नमुनाको प्रत्यक्ष अवलोकन गराई शिक्षण गराएमा बिद्यार्थीको सिकाई ज्ञानबर्धक र अनुभबप्रद हुन्छ । यसरी उपयुक्त शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण प्रभाबकारी भएमा हाल देखिएको शैक्षिक उपलब्धिको अवस्थालाइ अवस्थालाई सुधार गर्न सकिन्छ भन्ने धारणा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १४ जना रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये ३ जना प्रधानाध्यापक, ४ जना शिक्षक तथा ७ जना अभिभावक गरी जम्मा १४ जना अर्थात ७७.७७ प्रतिशतले सो धारणाा व्यक्त गरेको पाइया

अभिभावकहरूलाई शिक्षाको महत्वका बारेमा जनचेतना जगाउनुपर्ने धारणा शिक्षक तथा प्र.अ.ले राखेका छन् । अभिभावकहरूले शिक्षालाई कम प्राथमिकतामा राखेको पाइयो । उनीहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक भए पनी कमजोर आर्थीक अवस्थाका कारण शिक्षालाइ कम प्राथमिकता दिएको पाइयो । प्राय जसो आफूले शिक्षा प्राप्त नगरेका र कृषि पेशामा संलग्नरहेकाहरूको यस्तो धारणा रहेको पाइयो । त्यसैले  त्यस्ता अभिभावकहरूलाई शिक्षाको महत्व उदाहरण सहित वुझाउन सकेमा उनीहरूले बालबालिकाहरूलाई नियमित रुपमा विद्यालय पठाउने वातावरण वन्न सक्छ । छोराछोरीलाई राम्रोसँग पढाउन सकेमा उनीहरूले राम्रैसँग आय आर्जन  गर्न सक्छन् फलस्वरुप परिवारका सबै सदस्यहरूको जीवन सहज हुन सक्छ भन्ने कुरा समाजमा नै उदाहरणहरूबाट प्रष्ट्याउनु पर्ने हुन्छ । प्रौढ शिक्षाका माध्यमबाट आफ्नो नाम लेख्न सक्ने, सामान्य चिठी पढ्न सक्ने, मोवाइलबाट आफैं नम्वर डायल गरेर फोन गर्न सक्ने बनाउन सकेमा उनीहरूले स्वत शिक्षाप्रतिको दृष्टिकोण सकारात्मक बनाउन सक्छन् । परिणामस्वरुप बालबालिकालाई घरको काममा भन्दा अध्ययन कार्यमा जोडदिन मद्धत गर्ने अवस्थाको सृजना हुन्छ ।

बालश्रम सुधारगर्ने उपायहरूका बारेमा प्रतिक्रिया व्यक्त गर्नेहरूमध्ये सबैभन्दा बढीले गरिवी न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरेर गरिव परिवारका अभिभावकहरूलाई आर्थिकरुपले सक्षम बनाउन सकेमा बालश्रम घटेर जाने धारणा व्यक्त गरेका छन् । बीचैमा

विद्यालय छोड्ने मध्ये अधिकांश बालबालिकाहरूको( परिवारको आर्थिक अवस्था कमजोर रहेको पाइयो । त्यस्ता अभिभावकहरूको नियमित आम्दानीको बाटो नभएको पाइयो । अधिकांशले परम्परागत पाराले कृषिकार्य गरिरहेको पाइयो । आफ्ना बालबालिकाहरूलाई पनि खेतीपाती कै काममा संलग्न गराउने गरेको पाइयो । त्यसैले सरकारी तवरबाट नै गरिवी निवारणका कार्यक्रमहरू सञ्चालन गरेर गरिव नागरिकको जीवनस्तर माथि उठाउन पहल गर्नुपर्छ । परम्परागत रुपले धेरै खेतीगरेर थोरै उत्पादन गर्ने अवस्थाको अन्त्य गरी थोरै खेती गरेर धेरै उत्पादन गर्ने अवस्थाको सृजना गर्नुपर्छ । यसो गर्न सकिएमा कृषिकार्यमा कामदारको संख्या कम लाग्ने भएकाले बालबालिकाहरू बालश्रम गर्नुको सट्टा विद्यालय जाने वातावरण सृजना हुन्छ । गास, वास र कपास जस्ता आधारभूत आवश्यकताहरूको पूर्ति पश्चात बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने कार्यलाई निरन्तरता दिने अवस्था वन्छ ।

उत्तरदाताहरूमध्ये ७२.२२ प्रतिशतले छात्रवृत्ति वापत प्राप्तहुने रकम बालबालिकाहरूको अध्ययन कार्यमा आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापनमा खर्चगर्ने गरेमा उनीहरूको अध्ययन कार्यले निरन्तरता पाउन सक्ने कुरा वताएका छन् । आफ्नो आर्थिक अवस्था कमजोर भएका साथै जेहेन्दार विद्यार्थीहरूलाई आफ्नो अध्ययन कार्यलाई सुचारु गर्नका लागि छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । त्यसरी वितरण गरिने छात्रवृत्ति उचित व्यक्तिहरूलाई प्रदान गरिनुपर्छ । साथै वितरित छात्रवृत्तिले बालबालिकाहरूको पठनपाठनमा सघाउ पुऱ्याउनु पर्छ । तर कतिपय अभिभावकहरूले छात्रवृत्ति वापत पाएको रकमलाई अन्य व्यवहारिक काममा खर्च गरेको पाइयो । त्यसैले छात्रवृत्ति वितरण गर्दा छानविन गरी सही व्यक्तिहरूलाई मात्र छात्रवृत्ति वितरण गर्नुपर्छ । त्यसका साथसाथै छात्रवृत्तिलाई प्रत्येक अभिभावकले बालबालिकाहरूको पठनपाठनसँग सम्वन्धित पूर्वाधारमा खर्च गर्नुपर्छ । अन्य व्यवहारिक काममा छात्रवृत्तिको रकम खर्चगर्ने कार्यलाई निरुत्साहनगर्न सकेमा विद्यार्थीहरूको अध्ययन कार्यलाई निरन्तरता पाउछ ।

बालबालिकाहरू अनुत्तीर्ण हुने धेरै कारणहरू रहेको पाइयो । घरमा कामगर्नु पर्ने भएकाले विद्यार्थीहरू नियमित विद्यालय जान नपाउने र उनीहरूको प्रसस्तै पाठहरू छुट्ने भएकाले परीक्षामा अनुत्तीर्ण हुनेगरेको पाइयो । अर्धवार्षिक र वार्षिक परीक्षका आधारमा मात्र विद्यार्थीको मूल्याङ्कन गर्दा प्रसस्तै विद्यार्थीहरू अनुत्तीर्ण भएको पाइयो । घरमा काम नभएको वेलामा मात्र विद्यालय गए पुग्ने साथै विद्यालयमा दिनभर अध्ययन गरेपछि घरमा पढ्नु नपर्ने भन्ने अभिभावकहरूको मानसिकताले पनि विद्यार्थीहरूको अनुत्तीर्ण हुने दरलाई वढाएको पाइयो ।

बालबालिकाहरूको इच्छ, चाहाना, आवश्यकता र रुची अनुसारका विषयवस्तुहरू पाठ्यक्रममा समावेश गर्ने र त्यसैका आधारमा अध्यापन गराउने, बालबालिकाहरूलाई खेलका माध्यमबाट सिकाउने, आवश्यक शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने जस्ता कार्यहरू गर्न सकेमा अनुत्तीर्ण हुने दरमा कमी ल्याउन सकिन्छ । यसरी अनुत्तीर्ण हुने दरमा कमी ल्याउनका लागि २०७२।२०७३ देखी उदार कक्षाउन्नतिको अवधारणा अधिसारिएको छ ।

मार्क्सले भने झैं समाजमा रहेका दलित, कमजोर आर्थिक अवस्था भएका शोषित वर्गका परिवारका बालबालिकाहरू नै बालश्रमिकका रुपमा काम गर्न वाध्य भएको अवस्था छ । धनी वर्गका मानिसहरूले तिनीहरूलाई काममा लगाई उनीहरूबाट प्रसस्तै फाइदा लिइरहेको अवस्था छ । त्यसैले आफ्ना बालबालिकाहरूलाई सामन्त तथा धनी वर्गका घरमा काम गर्न राख्नुको सट्टा विद्यालय पठाएर राम्रोसँग शिक्षा लिने वातावरणको निर्माण तिनै गरिव तथा बिपन्न परिवारका अभिभावकहरूले गर्नु जरुरी छ । जसको परिणमस्वरुप भोलिको पुस्ताले धनी तथा सामन्तवर्गको थिचोमिचो सहनु पर्दैन ।

बाल मजदुर विद्यार्थीहरुको विभिन्न समस्याहरु समाधान गर्नका लागी उनीहरुको प्राथमिक आवश्यकताहरु पूरा हुनुपर्ने भन्ने कुरा मास्लोको सिद्धान्तमा आधारित छ भने माथी उल्लीखित विभिन्न साहित्यहरुको आधारमा बालश्रमिक विद्यार्थीहरुको सिकाई सुधार गर्न पारिवारिक आर्थिक अवस्था मजबुत हुनुपर्ने कुरामा जोड दिईएको पाइयो । यस अध्ययनबाट बाल मजदुर विद्यार्थीहरुको विभिन्न समस्याहरु समाधान गरी सिकाई प्रभावकारी हुनका लागी पारिवारिक आर्थिक अवस्था साथै शिक्षा प्रतीको जनचेतनामा अभीबृद्धी गर्नु पर्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

माध्यमिक तहको भर्नादरमा प्रत्येक शैक्षिक सत्रमा कमी आइरहेको पाइयो । विगत तीन वर्षको कुल भर्नालाई हेर्दा शैक्षिक सत्र २०७० को भन्दा २०७१ मा १४ जना विद्यार्थीहरू कम भर्ना भएको अवस्था पाइयो भने २०७१ को भन्दा २०७२ मा ३९जनाले बृद्दि भएको पाइयो । बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या पनि उच्च रहेको पाइयो । तर यो दरमा भने क्रमश कमी आइरहेको अवस्था छ । त्यस्तै कक्षा दोहोऱ्याउने दरमा पनि प्रत्येक वर्ष कमी आइरहेको छ । उदार कक्षोन्नती मूल्याङ्कन प्रणाली लागुभए पश्चात कक्षा दोहोऱ्याउने दरमा कमी आएको पाइयो ।

बालबालिकाहरू आफ्नो अध्ययन गर्ने उमेरमा शारीरिक तथा मानसिक रुपमा असर पुग्ने खालका काममा संलग्न भएको अवस्था पाइयो । विद्यालय छोडेर बालबालिकाहरू घरेलु श्रमिकका रुपमा आफ्नो तथा अर्काको घरमा काम गरिरहेको पाइयो । कृषि श्रमिकको रुपमा ज्याला मजदुरी तथा आफ्नै खेतमा समेत काम गरिरहेको अवस्था भेटियो । त्यसैगरि यातायात, होटल तथा अन्य क्षेत्रमा समेत बालबालिकाहरूले काम गरिरहेको अवस्था पाइयो । बालबालिकाहरूले काम गर्ने क्षेत्रमध्ये सबैभन्दा बढी कृषि श्रमिकको रुपमा २७.३८ प्रतिशत, दोस्रोमा घरेलु श्रमिकको रुपमा काम गरिरहेको अवस्था पाइयो । त्यसैगरी यातायात होटल तथा अन्य क्षेत्रमा पनि केहीले काम गरिरहेको पाइयो ।

कृषि क्षेत्रमा कामगर्ने बालबालिकाहरू विशेष गरी खेती लगाउने र उठाउने वेलामा बढी श्रमिकको रुपमा कामगर्ने गरेको पाइयो । त्यसैगरी गाईवाखा चराउने घाँस काट्ने लगायतका काममा पनि उनीहरू प्रयोग भइरहेको पाइयो । घरेलु श्रमिकको रुपमा कामगर्नेहरू मध्येपनि अर्काको घरमा काम गर्नेहरूले भने विद्यालय जाने मौका नपाएको अवस्था छ । शुरुमा घरको केही काम गरेर विद्यालय पठाउने शर्तमा बालबालिकाहरूलाई अर्काको घरमा राख्ने गरेपनि केही समय पछि घरको कामले गर्दा विद्यालयमा दिएको गृहकार्य लगायत अन्य कामहरू गर्न नभ्याउने र विद्यालयमा अरु साथीहरूको अगाडि दण्डित हुनु परेका कारणले बालबालिकाहरू विद्यालय जान छोडेको शैक्षिक उपलब्धिमा कमी अएको पाइयो ।

अनुसन्धानको शिलसिलामा बालबालिकाहरूले बीचैमा विद्यालय छोड्ने कारणहरूमा अभिभावकहरूको शिक्षाप्रतिको नकारात्मक धारणा, परिवारको आकार ठूलो हुनु, बालबालिका तथा परिवारका सदस्यहरू रोगीहुनु, परिवारको आर्थिक अवस्था कमजोर हुनु,आफ्नै घरमा निःशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गर्नु, शिक्षकले विद्यालयमा भेदभावपूर्ण व्यवहार गर्नु, विद्यालयको वातावरण वालमैत्री नहुनु, कक्षामा अनुत्तीर्ण हुनु आदि रहेको पाइयो । केही अभिभावकहरूले शिक्षाको महत्व नवुझेका कारण उनीहरू आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन त्यती मन नलगाएको पाइयो । परिवारको आकार ठुलो भएका अभिभावकहरूले पनि आफ्ना केही बालबालिकाहरूलाई विद्यालय नपठाएको अवस्था पाइयो । कमजोर आर्थिक अवस्था भएकाले सबै बालबालिकाहरूका लागि आवश्यक पर्ने शैक्षिक सामग्री तथा अन्य आवश्यक सामग्रीहरू जुटाउन कठिन पर्ने भएकाले समेत बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई जारी राख्न नपाएको अवस्था भेटियो ।

बालबालिकाहरूले विद्यालय जाने र शैक्षिक उपलब्धिमा सुधार गर्ने उपायहरूमा अशिक्षित तथा शिक्षाको महत्व नवुझेका अभिभावकहरूलाई शिक्षाको आवश्यकता र महत्व वुझाएर, गरिवी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरेर, गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरण गर्नुका साथै उक्त छात्रवृत्ति रकमको सही सदुपयोग गरेर, विद्यालयमा हुने भेदभावपूर्ण व्यवहारको अन्त्य गरेर, बालबालिकाहरू अनुत्तीर्ण हुने दर घटाउन सकेमा विद्यालय छोड्ने दरमा कमी ल्याउने शैक्षिक उपलब्धिमा सुधार ल्याउन सकिने अवस्था पाइयो ।

## ५.२ निष्कर्ष

माध्यमिक तहका विद्यार्थीहरूको विद्यालय छोड्ने दरमा हरेक वर्ष कमी आइरहेको छ । माध्यमिक तहको विद्यार्थी भर्नादरमा केही उतारचडव देखीए पनी , कक्षा दोहोऱ्याउने दरमा भने कमी आइरहेको छ । यसरी भर्नामा नै उतारचडाव आउनाको कारण परीक्षामा अनुतिर्ण भएपछी अर्को विद्यालयहरू सर्ने र केही बर्ष यता सामुदाइक विद्यालयहरुमा शिक्षामा केही सुधार आएकोले सामुदाइक विद्यालयहरु प्रतिको आकर्षण हो ।

बालबालिकाहरूले आफ्नो शारीरिक मानसिक र वौद्धिक विकास हुने समयमा प्रसस्तै बालश्रमयुक्त कामहरू गरिरहेका छन् । उनीहरूले श्रम गर्नुपर्ने भएकाले केहीले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन नसकेको अवस्था छ । बालश्रमिकहरू मध्ये केही बालबालिकाहरू आफ्नै घरमा र केही अर्काको घरमा श्रमगर्न वाध्य छन् । प्रायजसो कृषि क्षेत्रमा कामगर्ने

बालबालिकाहरूले आफ्नै घरपरिवारहरूसँग काम गर्ने गरेका छन् । विशेषगरी खेती लगाउने र उठाउने समयमा अधिकांश विद्यार्थीहरू विद्यालय नजानेगरेको पाइयो । प्राय घर छोडेर हिडेका बालबालिकाहरू भने होटल तथा यातायातका क्षेत्रमा काम गरिरहेको अवस्था छ । केही पारिवारिक कारण तथा केही साथीहरूको लहैलहैमा लागेर घर छोडेर हिडेको अवस्था पाइयो । त्यसरी घर छोडेर हिडेका मध्ये कसैलेपनि आफ्नो अध्ययन कार्यलाई निरन्तरता नदिएको पाइयो । उनीहरूमध्ये अधिकांशले अध्ययनलाई निरन्तरता दिने मन नभएको वताए । यसबाट बालबालिकाहरूमा अझैपनि अध्ययनको महत्व थाहा नभएको साथै अध्ययन अध्यापन कार्य रुचिपूर्ण र आवश्यकतामुखी हुनुको सट्टा अतिरिक्त वोझको रुपमा रहेको प्रष्ट हुन्छ ।

वालवालिकहरूले विद्यालय छोड्ने धेरैवटा कारणहरू रहेको पाइयो । अभिभावकहरूले आफ्ना बालबालिकाहरूको अध्ययन कार्यलाई भन्दा कामलाई प्राथमिकतामा राखेको पाइयो । उनीहरूमा शिक्षाको महत्व र आवश्यकता प्रति खासै ध्यान नपुगेकाले अभिभावकहरूलाई शिक्षाको महत्वको बारेमा उदाहरण सहित बुझाउनु आवश्यक छ । यसका अतिरिक्त बालबालिकाको शिक्षालाई भन्दा कामलाई प्राथमिकतामा राखेकाले यस्तो कार्यलाई सच्याउन जरुरी छ । परिवारको आकार ठूलो भएकाले न्यूनतम आधारभूत आवश्यकताको परिपूर्तिमा मात्रै परिवारको ध्यान केन्द्रित हुने भएकाले शिक्षा कम प्राथमिकतामा परेको अवस्था छ । परिवारको कमजोर आर्थिक अवस्थाका कारण बालबालिकाहरूले काम गर्नुपर्ने भएकाले उनीहरूको अध्ययन कार्यले निरन्तरता पाउन सकिरहेको छैनभने अर्कातर्फ पठनपाठनका निम्ति आवश्यक सरसामग्रीको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । विद्यालय छोड्ने अन्य कारणहरूमा निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग, विद्यालयमा हुने भेदभावपूर्ण व्यवहार, परिवारमा वोलिने भाषा र बिद्यालयमा प्रयोगहुने भाषामा फरक हुनु, बालबालिकाहरूको इच्छा चाहाना, आवश्यकता र रुची अनुसारको शिक्षा उपलब्ध नहुनु, विद्यालयको वातावरण वालमैत्रीपूर्ण नहुनु, परीक्षामा अनुत्तीर्ण हुनु, लैङ्गिक रुपमा विभेद गरिनु जस्ता कारणहरूले बालबालिकाहरूको शैक्षिक उपलब्धिमा कमी हुनमा टेवा पुऱ्याएको छ ।

जुन अभिभावकहरूले शिक्षाको महत्व नवुझेर आफ्ना बालबालिकाहरूको अध्ययन कार्यलाई प्राथमिकतामा राख्न सकेको छैनन् उनीहरूलाई विभिन्न उदाहरणहरूबाट शिक्षाको महत्व वुझाउदै आफ्ना बालबालिकाहरूलाई विद्यालयीय शिक्षालाई निरन्तरता दिने वातावरण तयार गर्नुपर्छ । गरिवी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै छात्रवृत्ति वितरणलाई सही रुपमा गर्नुपर्छ । पढ्नेलेख्ने उमेरका वालावालिकाहरूलाई शारीरिक श्रममा लगाउदा उनीहरूको

शारीरिक मानसिक र वौद्धिक विकासमा असरपर्ने बारेमा अभिभावकहरूलाई जानकारी गराउदै त्यस्तो कार्यमा बालबालिकाहरूलाई नलगाई अध्ययनको वातावरण बनाउनु पर्छ । विद्यालयमा विद्यार्थी-विद्यार्थी वीचमा हुन भेदभावपुर्ण व्यवहारको अन्त्य गर्नुपर्छ । विद्यार्थीहरूलाई भौतिकरुपमा दिइने दण्डलाई पूर्णरुपमा निर्मूल पार्नुपर्छ । विद्यालयमा वालमैत्रीपूर्ण वातावरणको विकास गर्नसकेमा बालबालिकाहरूमा विद्यालय जाने कार्यमा थप हौसला प्रदान गर्न सकिन्छ । त्यसैगरी शैक्षिक वातावरण राम्रो हुनेखालको भौतिक पूर्वाधारहरूको निर्माण गर्न सकेमा उनीहरूको अध्ययन कार्यले समेत निरन्तरता पाउनसक्छ र शैक्षिक उपलब्धिमा सुधार आउछ ।

## ५.३ सुझाव

बालमजदुरी र शैक्षिक उपलब्धि शीर्षकमा तयार गरिएको प्रस्तुत शोध अध्ययनको नतिजाको विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा भविष्यमा बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाई कठिनाई समाधान गर्न नीतिगत तहमा कस्तो नीतिको आवश्यकता छ, अभ्यास तहमा थप के गर्नु पर्छ र यस विषयामा थप अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताले के गर्नु पर्छ भनी अनुसन्धान तहलाई समेत गरी तीनवटै तहलाई सुझाव पेश गरिएको छ ।

### ५.३.१ नीतिगत तह

बालमजदुर विद्यार्थीहरुका कतिपय कठिनाइहमा स्पष्ट नीतिको अभावमा कठिनाइ समाधान गर्न गाऱ्हो भएको तथ्यलाई मध्यनजर गर्दै बालमजदुरी गर्ने विद्यार्थीहरुको कठिनाइलाई समाधान गर्न नीति निर्माण तहमा रहेका नीति निर्माताका लागि सुझाव प्रस्तुत गरिएको छ ।

समुदायमा बालश्रम शोषण विरुद्धको सामुदायिक जनचेतना अभिबृद्धि गर्न आवश्यक देखिएकोले सरकारी नियकाबाट नै सामुदायिक जनचेतनाको कार्यक्रम सञ्चालन गर्ने नीति बनाउन आवश्यक देखिन्छ । मजदुरी गर्नु बाललालिकाहरुको बाध्यता भएको देखिएकोले उनीहरुको अनुकुल समयमा विषेश कक्षा सञ्चालन गर्ने नीति बनाउनु पर्ने देखिन्छ ।

उचित माया र संरक्षकतत्वको अभावमा बालवालिकाहरुले शारीरिक र मानसिक यातना समेत खेप्नुपर्ने भएकोले उनिहरुलई उचित संरक्षण प्रदान गर्नको निम्ती सरकारले बालगृह स्थापना गरी पठनपाठनको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**५.३.२ अभ्यास तह**

अभ्यास तह भनेको नीतिको कार्यान्वयन गर्ने सबैभन्दा प्रमुख तह हो । जस्तोसुकै नीति बने पनि अभ्यास तहबाट यसको कार्यान्वयनमा संवेदनशीलता देखाइएन भने त्यो नीति नै असफल हुने तथ्यलाई मध्यनजर गर्दा बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाई कठिनाईलाई समाधान गर्न अभ्यास तहका लागि निम्न सुझाव प्रस्तुत गरिन्छ ।

बालवालिकाहरुको आधारभूत आवश्यकतालाई पुर्ती गर्न सघाउ पुऱ्याउने उद्देश्यले व्यवस्था गरिएका विभिन्न सहुलियतहरु जस्तै छात्रबृत्ति, पोषाक, खाजा खर्च आदि लक्षित समुह सम्म पुऱ्याई कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । बालश्रम विरुद्धका ऐन कानुनहरुलाई कडारुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । बाल मैत्री शिक्षणको प्रयोग गरी विद्यालयमा बालमजदुरी गर्ने विद्यार्थीहरुलाई आर्कषित गर्दै माया र अभिप्रेरणा दिनुपर्ने देखिछ ।

**५.३.३ अनुसन्धान तह**

यस अध्ययनका क्रममा देखिएका तर यस अध्ययनले समेटन नसकेका निम्नविषयमा अनुसन्धानकर्ताले थप अनुसन्धान गर्न सकिने देखिन्छ ।

बालमजदुरी गर्ने विद्यार्थीहरुका सिकाइ कठिनाइ हल गर्न राज्यको तर्फबाट के गर्न सकिन्छ भनी अनुसन्धान गर्न सकिन्छ । बालमजदुरी गर्न विद्यार्थीहरुका कठिनाइका बारेमा थप अनुसन्धान गर्न चाहने व्यक्तिले समेत देशभरिका बालमजदुरी गर्ने विद्यार्थीहरु र विद्यालयहरुको प्रतिनिधित्व हुने गरी ठूलो नमूना लिएर थप अनुसन्धान गर्न सकिन्छ ।

विद्यालयको शिक्षण सिकाइमा वाल मजदुरी गर्ने विद्यार्थीहरुलाई महत्वपुर्ण स्थान दिनुपर्ने देखिन्छ । उनीहरुको आवश्यकता, इच्छा, चाहना र क्षमतालाई मध्यनजर गर्दै विशेष कक्षा सञ्चालन गर्नुपर्ने आवश्यक देखिएकोले थप अनुसन्धान गर्नुपर्ने हुन्छ । वालमजदुरी गर्ने विद्यार्थीहरुका बारेमा थप अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थालाई थप अवसर दिनुपर्ने हुन्छ । अध्ययन अनुसन्धान बाट प्राप्त निष्कर्षलाई हरेक विद्यालयहरु र समुदायहरुमा लागु गर्न सकिने व्यवस्था मिलाउनु पर्ने हुन्छ । अनुसन्धानबाट प्राप्त निष्कर्षलाई सवै विद्यालय र समुदायहरुमा कार्यान्वयन गरे नगरेको बुझ्नका लागी अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ । सवै बालवालीकाहरुमा समाहित र सम्मिलीत शिक्षाको अवधारणा अनुसार सिकाई समस्यालाई हल गर्नुपर्ने आवश्यक देखिएकोले यस सम्बन्धमा थप अनुसन्धान गर्न सकिन्छ ।

# सन्दर्भ सामग्री

काफ्ले, वासुदेव र पौडेल, गिरीराज (२०६४) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौ : जुपिटर पब्लिकेसन एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

गौतम, रमेशप्रसाद, (२०६४, फाल्गुण), शिक्षामा पहुँच सवै वर्गमा, *गोरखापत्र,* १०७ (२०४), ७ ।

चौधरी, वरुणकुमार (२०६५), *मधेसी दलित विद्यार्थीहरुले प्राथमिक तह पूरा नगरी वीचैमा कक्षा छोड्नाका कारणहरुको अध्ययन,* अप्रकाशित शोधपत्र, मोरङ्ग : सुकुना वहुमुखी क्याम्पस ।

धिताल, तारक (२०५८), *निकृष्ट प्रकारको वालश्रम अन्त्य गर्ने अभियान,* वालसरोकार, काठमाडौं : सिविन ।

थापा, हर्कराज (२००१) दलित बालबालिकाहरुको कक्षा छोडाइको अवस्था एक अध्ययन अप्रकाशित शोधपत्र, धनकुटा : धनकुटा वहुमुखी क्याम्पस, शिक्षा शास्त्र संकाय ।

प्रधान, गौरी (२००४), *नेपालमा वाल अधिकारको स्थिती,* नेपाल वालमजदुर सरोकार केन्द्र, काठमाडौं ।

पोखेल, हरीहर (२०६२), *प्राथमिक तहमा सुकुम्वासी बालबालिकाहरुको सहभागिता कस्तो रहेको छ,* (अप्रकाशित शोधपत्र) काठमाडौं : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय ।

पौडेल, बावुराम, पोखेल, कमलप्रसाद, आचार्य, सुवासचन्द्र, कलौनी, दिपकराज (२०६२), *नेपालको शैक्षिक पद्दति* काठमाडौं : सनलाईट पब्लिकेशन ।

विद्यालय तथ्याङ्क (२०६७), जिल्ला शिक्षा कार्यालय, झापा ।

भट्ट, दीर्घराज (२०६२), *विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभाव,* अप्रकाशित शोधपत्र मोरङ्ग : सुकुना वहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

राष्ट्रिय योजना आयोग (२०५९), दशौ योजना (२०५९-२०६४) काठमाडौं : राष्ट्रिय योजना आयोग ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६१), *शिक्षा योजना,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, भोटाहिटी ।

शाह, राजेन्द्रवहादुर (२०६१), *अछाम जिल्लमा मा.वि. तहमा Drop out गर्ने छात्र, छात्रा दर तथा संख्या एक अध्ययन,* अप्रकाशित शोधपत्र विरेन्द्रनगर : सुर्खेत वहुमुखी क्याम्पस ।

शिक्षा विभाग (२०६४), *समविकास शिक्षा,* नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाडौं ।

शिक्षा विभाग (२०६७), *शैक्षिक सूचना संगालो,* भक्तपुर : सानोठिमी ।

सिविन, (२०६२), *बालश्रम र शिक्षा,* नेपाल बालमजदुर सरोकार केन्द्र, काठमाडौं ।

Best, J.W. & Kahn, J.V. (2008).*Research in Education* (10th ed.). Delhi: Prentice Hall of India.

CERID, (1987). *An inquiry into the causes of primary school drop- out in rural Nepal*. Kathmandu .

Koul, L. (1997). *Methodology of Educational Research (3rd ed.).* New Delhi: Vikash Publication House.

Pradhan R.B. (1975). *A study of the extent of the causes of dropouts of the primary school of dhankuta village* . Unpublished dissertation for M.A./ T.U.

Sing, Sumana (2002). *A study on child domestic servant in Lalitpur*. Unpublished dissertation for M.A./ T.U. Kirtipur .

# बालमजदुरी र शिक्षा

## अनुसूची १ : स्रोतव्यक्तिका लागि अन्तर्वार्ताका प्रश्नहरु

स्रोतव्यक्तिको नाम :

स्रोतकेन्द्र :

१. तपाइँ यो पदमा कतिबर्ष देखी कार्यरत हुनुहुन्छ ?

२. तपाइको स्रोतकेन्द्रअन्तर्गतका विद्यालयमा बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाईको अवस्था कस्तो रहेको छ ?

३. तपाइको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा बालमजदुरी गर्ने विद्यार्थी कुन क्षेत्रमा बढी संलग्न रहेका छन् ?

४. बालमजदुरी गर्ने विद्यार्थीले विचैमा पढाईछाड्ने प्रबृती कस्तो छ ?

५. बालमजदुरी गर्ने विद्यार्थीहरुले बीचैमा विद्यालय छोड्ने कारण के हो ?

६. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन-कुन क्षेत्रमा सम्लग्न हुने गरेका छन् ?

७. बालबालिकाहरु के कारणले बालमजदुरीमा सम्लग्न हुन्छन् ?

८. बालमजदुरी गर्ने विद्यार्थीको शैक्षिक अवस्थालाई सुधार गर्न स्रोतकेन्द्रको भूमिका कस्तो र हेको छ ?

## बालमजदुरी र शिक्षा

### अनुसूची २ : प्रधानाध्यापकका लागि अर्न्तवार्ता

प्रधानाध्यापकको नाम :

विद्यालयको नाम :

१. तपाइले प्र.अ.मा नियुक्त हुनु भएको कति समय भयो ?

२. तपाईँको विद्यालयमा माध्यमिक तहको बालमजदुरी गर्ने विद्यार्थीहरुको भर्नादर कस्तो रहेको छ ?

३. तपाईँको विद्यालयमा कुन समुदायका बालबालिकाहरु बढी बालमजदुरीमा लागेका छन् ?

४. बालबालिकाहरुले के कारणले मजदुरीमा लाग्नु परेको हो ?

५. बालमजदुरहरु प्रत्येक दिन विद्यालय आउने अवस्था कतिको तीव्र छ ?

६. बालबालिकाहरु बालश्रमका कुन-कुन क्षेत्रमा सम्लग्न हुने गरेका छन् ?

७. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन क्षेत्रमा बढी सम्लग्न हुने गरेको पाउनु भएको छ ?

क) कृषि　　　　ख) घरेलु श्रमिक

ग) यातायात　　　　घ) अन्य

८. बालश्रमका कारणले विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्न के गर्न सकिन्छ ?

९. बालमजदुरी गर्ने विद्यार्थीहरुको संख्या घटाउन तपाईले कस्तो भूमिका खेल्नु भएको छ ?

१०. बालमजदुर विद्यार्थीहरुको सिकाईको अवस्थालाई सुधार गर्न अभिभावकहरुले कस्तो भूमिका खेल्न सक्छन् ?

११. बालमजदुर विद्यार्थीहरुमध्ये कुन जाति, समुदाय, वर्ग र लिङ्गमा वढी रहेको छ ?

## बालमजदुरी र शिक्षा

### अनुसूची ३ : शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम :

विद्यालयको नाम :

१. तपाइँको विद्यालयमा माध्यमिक तहको विद्यार्थी भर्नादर कस्तो रहेको छ ?

२. तपाइँको विद्यालयमा कुन समुदायका बालबालिकाहरु बालमजदुरकोरुपमा रहेका छन् ?

३. तपाइँको कक्षामा विद्यार्थीहरुले गृहकार्य नियमित गर्छन् ?

क) गर्छन् □ ख) गर्दैनन् □

ग) कहिलेकाहिँ □

४. कक्षाको अन्तिम मूल्याङ्कनमा कति प्रतिशत विद्यार्थीहरु सहभागि हुन्छन् ?

क) सबै □ ख) ८० %भन्दा वढि

ग) ६० % भन्दा वढि □ घ) ६० % भन्दा कम

५. तपाइँको कक्षामा बालमजदुर विद्यार्थीहरु केटा र केटी मध्ये कसको संख्या बढि छ ?

६.  बालबालिकाहरुले के कारणले बालमजदुर बन्न बाध्य हुन्छन् ?

७. बालमजदुरी गर्ने बालवालिकाहरु नियमित कक्षा आउने गर्दछन् कि गर्दैनन् ?

८. बालमजदुरी गर्ने विद्यार्थीहरु र नगर्ने विद्यार्थीहरु मध्ये को चाहिं पढाईमा तेज छन् ?

९.बालबालिकाहरु बालश्रमका कुन क्षेत्रमा वढि सम्लग्न हुने गरेको पाउनु भएको छ ?

| | | | |
|---|---|---|---|
| क) कृषि | □ | ख) घरेलु श्रमिक | □ |
| ग) यातायात | □ | घ) अन्य | □ |

१०. बालश्रमलाई न्यूनीकरण गर्न के गर्न सकिन्छ ?

# बालमजदुरी र शिक्षा

## अनुसूची ४ : अध्ययनको नमुना छनोट र छनोट विधि

| क.सं | विवरण | नमुना | नमूना छनौट विधि |
|---|---|---|---|
| १ | स्रोतकेन्द्र र स्रोत व्यक्ति | १ | उद्देश्यमूलक नमुना छनोट विधि |
| २ | विद्यालय | ३ | सुविधाजनक  नमुना छनोट विधि |
| ३ | प्र.अ. | ३ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ४ | शिक्षक | ६ | सामान्य संभावनायुक्त विधि |
| ५ | विद्यार्थी | ९ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ६ | ऋभिभावक | ९ | उद्देश्यमूलक नमुना छनोट विधि |

## बालमजदुरी र शिक्षा

### अनुसूची ५ : नमुना छनौटमा परेकाहरुको नामावली

| क.स. | नामावली | पद | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १ | ठाकुर प्रसाद सुबेदी | प्र.अ. | एम.एड, एम.ए. | शिक्षा निकेतन मा.वि. |
| २ | रोहीत राज ढकाल | प्र.अ. | एम.एड, एम.ए.. | जनता मा.वि |
| ३ | दुर्गा प्रसाद गौतम | प्र.अ. | एम.एड | क्बिर मा बि |
| ४ | यमुना पोखेल | शिक्षक | एम.एड. | सिंहदेवी मा.वि |
| ५ | गणेश प्रसाद कोइराला | शिक्षक | वि.ए. | संस्कृत मा.वि |
| ६ | मैनादेवी सुवेदी | शिक्षक | आइ.एड. | संस्कृत मा.वि |
| ७ | नन्दलाल सुवेदी | शिक्षक | एम.एड. | सरस्वती मा.वि. |
| ८ | घनश्याम अधिकारी | शिक्षक | एम.एसी. | सिंहदेवी मा.वि |
| ९ | देवी प्रसाद सापकोटा | शिक्षक | आइ.ए. | सरस्वती मा.वि. |
| १० | चन्द्र प्रसाद पौडेल | विद्यार्थी | | शिक्षा निकेतन मा.वि |
| ११ | इन्दिरा पौडेल | विद्यार्थी | | सरस्वती मा.वि. |
| १२ | सुमन परियार | विद्यार्थी | | सरस्वती मा.वि. |
| १३ | सुरज सोरेन | विद्यार्थी | | संस्कृत मा.वि |
| १४ | निरज राई | विद्यार्थी | | सरस्वती मा.वि. |
| १५ | मिलन वस्नेत | विद्यार्थी | | संस्कृत मा.वि |
| १६ | केवल खड्का | विद्यार्थी | | सिंहदेवी मा.वि. |

| | | | | |
|---|---|---|---|---|
| १७ | संभना वि.क. | विद्यार्थी | | सिंहदेवी मा.वि. |
| १८ | राजन दंगाल | विद्यार्थी | | सिंहदेवी मा.वि. |
| १९ | धन वहादुर सुव्वा | अभिभावक | निरक्षर | संस्कृत मा.वि |
| २० | कृष्ण प्रसाद पौडेल | अभिभावक | साक्षर | सरस्वती मा.वि. |
| २१ | लाल वहादुर परियार | अभिभावक | निरक्षर | सरस्वती मा.वि. |
| २२ | वालकुमार सोरेन | अभिभावक | निरक्षर | संस्कृत मा.वि |
| २३ | जङ्गवहादुर राई | अभिभावक | निरक्षर | सरस्वती मा.वि. |
| २४ | निर्मला वस्नेत | अभिभावक | साक्षर | संस्कृत मा.वि |
| २५ | कुलवहादुर खड्का | अभिभावक | निरक्षर | सिंहदेवी मा.वि. |
| २६ | दिल वहादुर वि.क. | अभिभावक | निरक्षर | सिंहदेवी मा.वि. |
| २७ | शान्ती दंगाल | अभिभावक | ५ पास | सिंहदेवी मा.वि. |
| २८ | कृष्ण भण्डारी | स्रोतव्यक्ति | एम.एड. | दमक स्रोतकेन्द्र |

# बालमजदुरी र शिक्षा

## अनुसूची ६ : लक्षित समूह छलफल निर्देशिका

**छलफलका विषयहरु :**

१) बालमजदुरी गर्ने विद्यार्थीका सिकाईको समस्या ।

२) बालमजदुरी गर्ने विद्यार्थीहरुका सिकाईका कठिनाईहरु ।

३) बालमजदुरी गर्ने विद्यार्थीहरुका सिकाईमा प्रभाव पार्ने तत्वहरु ।

४) बालमजदुरी गनै विद्यार्थीहरुका सिकाईका समस्याहरु ।

५) समस्या समाधानका उपायहरु ।